# प्रभाव दैनिक
National Daily

प्रतिनिधिसभा सदस्य निर्वाचन २१ फागुन
१ दिन बाँकी

वर्ष १२ | अंक ३०४ | काठमाडौं | बुधबार, २० फागुन २०८२ | Prabhab National Daily | Wednesday, 04 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


## मध्यपूर्वको तनावले अर्थतन्त्रमा चुनौती

### खाने तेलदेखि पेट्रोलियम पदार्थको अभाव हुने संकेत

■ प्रभाव संवाददाता

**काठमाडौं–** शनिबारदेखि सुरु भएको मध्यपूर्वी देश अमेरिका-इजरायल र इरानबीचको युद्धका कारण मुलुकको अर्थतन्त्र प्रभावित हुने संकेत देखिएको छ । उक्त द्वन्द्व लम्बिँदै गए नेपालमा खाने तेलदेखि पेट्रोलियम पदार्थको मूल्य बढ्ने भएको छ । अमेरिका र इजरायलले इरानमाथि हमला गरेपछि खाने तेलको मूल्य बढ्ने भएको हो ।

युद्ध सुरु हुनुअघि टनको एक हजार २२० डलर रहेको भटमासको मूल्य अहिले एक हजार २८० डलर पुगेको छ भने सूर्यमुखी तेलको मूल्य १४०० डलरबाट बढेर १५२० डलर पुगेको छ । अर्को हप्ता तेलको मूल्य अझै बढ्न सक्ने अनुमान गरिएको छ ।

नेपालमा भटमासको कच्चा तेल अर्जेन्टिना र ब्राजिलबाट र सूर्यमुखी कच्चा तेल युक्रेनबाट आयात गरिन्छ । तेल आयात गर्ने सबैभन्दा छोटो रुटका रूपमा चिनिएको 'स्ट्रेट अफ होर्मुज' इरानले बन्द गरिदिएसँगै आयातसमेत कम हुने देखिएको छ । आफ्नो देशमाथि अमेरिका र इजरायल मिलेर आक्रमण गरेपछि इरानले खाडी मुलुकहरूमा रहेको अमेरिकी सैन्य बेस क्याम्पमा आक्रमण गर्नुका साथै स्ट्रेट अफ होर्मुज बन्द गरिदिएको हो ।

ओमान र इरानको बीचमा पर्ने यो मार्ग विश्वको तेल व्यवसायका लागि सबैभन्दा महत्त्वपूर्ण मानिन्छ । होर्मुज मार्ग बन्द हुँदा विश्वका धेरै देशहरूको तेल आपूर्तिमा प्रभाव पर्ने छ, जसमा भारतलगायत एसियाली देशहरूमा सबैभन्दा बढी असर पर्ने छ ।

यो क्षेत्रमा अब कसैले ग्यास(एलएनजी) उत्पादन रोकेको हो । यसले विश्वव्यापी ग्यास बजारमा दबाब सिर्जना हुने देखिएको छ । यसैगरी पेट्रोलियम पदार्थको बजार पनि दबाब सिर्जना भएको छ ।

भारतले आफ्नो देशमा अब २५ दिनका लागिमात्र कच्चा तेल र प्रशोधित तेल बाँकी रहेको भारतीय सञ्चार संस्था एएनआईले जनाएको छ । एएनआईले भारतको ऊर्जा सुरक्षाबारे सरकारी स्रोतहरूलाई उद्धृत गर्दै यो जानकारी दिएको हो । यद्यपि, सरकारले अहिले तत्काल पेट्रोल-डिजेलको मूल्य नबढाउने जनाएको छ ।

नेपालमा भारत हुँदै पेट्रोलियम पदार्थ, ग्यास र खाने तेल आयात हुने गर्छ । यस कारण पनि अहिले खाने तेल र पेट्रोलियम पदार्थको अभाव हुने देखिएको हो । सरकार र निजी क्षेत्रले भने तत्काल यस्तो अवस्था नहुने दाबी गरेको छ ।

> “पेट्रोलियम पदार्थको आयात पाइपलाइनमार्फत नियमितरूपमा भइरहेको छ । आसन्न निर्वाचनको समयमा पनि पर्याप्त मात्रामा पेट्रोलियम पदार्थको आयात जारी रहने छ ।
>
> **चण्डिकाप्रसाद भट्ट**
> कार्यकारी निर्देशक
> नेपाल आयल निगम

> अन्य इन्धनको तुलनामा ग्यास आपूर्ति शृंखला भने फरक किसिमको छ । हाम्रोमा ग्यासको बुलेट भारतको मात्रै प्रयोग हुने गर्दछ भने यसको ढुवानीकर्ता भारतमात्रै हो ।
>
> **शिवप्रसाद घिमिरे**
> पेट्रोलियम व्यवसायी

> कोरोना महामारीबाट आर्थिक स्थिति सामान्य अवस्थामा फर्कन नपाउँदै भूराजनीतिक तनाव, बाढीपहिरो र अहिले इरानको द्वन्द्वले फेरि अर्थतन्त्र प्रभावित हुने देखिन्छ । अर्थतन्त्रले लय समाउने अपेक्षा गरिएकामा यस द्वन्द्वले थप चुनौती थपेको छ ।
>
> **रामशरण खरेल**
> कार्यकारी निर्देशक
> नेपाल राष्ट्र बैंक

सामान ओसारपसार गरे इरानको रेभोलुनसरी गार्डले आक्रमण गर्ने चेतावनी दिएको छ । यता इरानी आक्रमणपछि कतारले ग्यास उत्पादन रोकेको छ । कतार इनर्जीले आफ्नो तरल प्राकृतिक

#### नेपाललाई कतिको डर ?

पेट्रोलियम व्यवसायी शिवप्रसाद घिमिरेले तत्काल पेट्रोलियम पदार्थ अभाव नहुने दाबी गरे । मंगलबार एक कार्यक्रममा अहिले नै डराउनुपर्ने अवस्था नरहेको घिमिरेले बताएका हुन् । 'समग्र स्थिति हेर्दा तत्कालै पेट्रोलियम पदार्थको अभाव हुने देखिँदैन,' नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले आयोजना गरेको अन्तरक्रियामा घिमिरेले भने ।

अहिले भएको द्वन्द्वका कारण एकातर्फ उत्पादन घटेर जाने, आपूर्ति शृंखलामा पनि समस्या पैदा गर्ने भए पनि त्यसले नेपालसम्म तत्कालै असर नगर्ने उनको तर्क थियो ।

क्रमशः पृष्ठ २ मा

प्रतिनिधिसभा सदस्य निर्वाचन

## मौन अवधिको पहिलो दिन राजधानीमै आगजनी, धनुषामा विष्फोट

### सेनाले भन्यो- सुरक्षा मजबुत छ, ढुक्कले मतदानमा सहभागी बनौं

- देशभर निर्वाचन सुरक्षा सतर्कता कडा
- एकीकृत निर्वाचन सुरक्षा कार्ययोजना कार्यान्वयनमा
- उपत्यकामा दुई सवारीसाधनमा आगजनी गरेको आरोपमा दुर्गा प्रसाईं समूहका दुई जना पक्राउ
- भक्तपुरबाट इन्सास राइफलसहित एक जना नियन्त्रणमा
- निर्वाचन बिथोल्ने आशंकामा १४२ जना पक्राउ
- अफवाह फैलाउने ३२ जना समातिए
- सुरक्षा अवस्था नियन्त्रणमै रहेको प्रहरीको दाबी



भोलि फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा मतदान गर्न गृहजिल्ला जाने क्रममा काठमाडौंको गाँगबुस्थित नयाँ बसपार्कमा सर्वसाधारण । *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत मौन अवधिको पहिलो दिन मंगलबार केही स्थानमा भएका छिटफुट घटनाबाहेक देशभरको अवस्था सामान्य रह्यो । सुरक्षा अधिकारीहरूका अनुसार छिटफुट आगजनी, शंकास्पद वस्तु फेला पर्नेजस्ता घटना भए पनि समग्र सुरक्षा अवस्था नियन्त्रणमै देखिएको हो ।

सरकारले निर्वाचनलाई शान्तिपूर्ण र भयरहितरूपले सम्पन्न गर्न एकीकृत निर्वाचन सुरक्षा कार्ययोजना २०८२ मा कार्यान्वयनमा ल्याएको छ । यसअनुसार नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागले संयुक्त रूपमा गस्ती, पेट्रोलिङ र निगरानी बढाएका छन् । नेपाली सेनाले बख्तरबन्द गाडीसहित उपत्यकाका संवेदनशील क्षेत्रमा गस्ती तीव्र बनाएको छ भने मोटरसाइकल गस्तीसमेत सक्रिय छ ।



> निर्वाचन विरोधी गतिविधि, अफवाह फैलाउने र आचारसंहिता उल्लंघन गर्नेहरूलाई निगरानीमा राखिएको छ ।
>
> **अविनारायण काफ्ले**
> प्रवक्ता, नेपाल प्रहरी

यद्यपि, मौन अवधिको पहिलो दिन मंगलबार बिहानै काठमाडौंका दुई स्थानमा सवारीसाधनमा आगजनी भयो । सुकेधारामा बा ७ च १४०१ नम्बरको गाडी र नैकापमा बिएए २८३६ नम्बरको गाडीमा आगजनी भएको हो । जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक (एसपी) पवनकुमार भट्टराईका अनुसार घटनास्थलमा दुर्गा प्रसाईं समूहको पर्चा फेला परेको थियो । घटनाको अनुसन्धान गरिरहेको प्रहरीले दुई जनालाई पक्राउ गरिसकेको छ । पक्राउ पर्नेहरूमा सुर्खेतको वीरेन्द्रनगर नगरपालिका घर भइ काठमाडौंको चन्द्रागिरी नगरपालिका-६ बस्ने २८ वर्षीय सुमन बोहरा र सोही ठाउँ स्थायी ठेगाना भएका ५५ वर्षीय कृष्ण मिजार छन् ।

उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले पक्राउ गरेको हो । कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) सन्तोष खड्काका अनुसार उनीहरूलाई चन्द्रागिरिबाट पक्राउ गरिएको हो ।

क्रमशः पृष्ठ २ मा

### धनुषा-१ का रास्वपा उम्मेदवार साहको उम्मेदवारी खारेज



**काठमाडौं (प्रस)–** निर्वाचन आयोगले धनुषा-१ का राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज गरेको छ । बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा पटक-पटक परेको आधारमा साहको उम्मेदवारी खारेज गरिएको आयोगले जनाएको छ ।

आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले आयोगमा प्राप्त उजुरीअनुसार प्रमाण पर्याप्त देखिएपछि उम्मेदवारी खारेजीको निर्णय गरिएको हो । साहविरुद्ध बैंक तथा वित्तीय संस्थाको कालोसूचीमा रहेको भन्दै उजुरी परेको थियो । उजुरीको छानबिनका क्रममा कर्जा सूचना केन्द्रको विवरणमा साह एकपटक होइन, आठपटकसम्म कालोसूचीमा परेको तथ्य भेटिएको आयोगले जानकारी दिएको छ । निर्माण व्यवसायी साह पहिलोपटक २०८० वैशाख १७ गते कालोसूचीमा परेका थिए ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## द्वन्द्वले त्रासमा मध्यपूर्वका नेपाली


### आधिकारिक सूचना प्रवाहमा जोड दिन विज्ञको सुझाव

■ ममता थापा

**काठमाडौं–** बहराइनको पेट्रोलियम कम्पनीमा कार्यरत झापाका राजुबाबु ढुंगानाले आफू नेपाल फर्किन चाहेको बताए । मध्यपूर्वमा विकसित घटनाक्रमले त्रसित भएका उनी युद्ध नरोकिएकाले कुनै पनि स्थान सुरक्षित नहुने बताउँछन् । सात वर्षअघि बहराइन गएका ढुंगानाले अब परिवारसँग सुरक्षित बस्न चाहेको बताए ।

'युद्ध चर्कँदै गएको छ । हिजो हामी बस्ने ठाउँबाटै ड्रोन गयो,' प्रभावसँगको 'भर्चुअल' कुराकानीमा उनले भने, 'यहाँ घरभित्रै बसे पनि सुरक्षित छैन । सरकारले कसरी हुन्छ नेपाल फर्काउन पहल गर्नपर्‍यो ।'

संयुक्त अरब इमिरेट्स (युएई)मा रहेका चितवनका प्रवीन सिलवाल भने अहिले आफू नियमित काममै रहेको बताउँछन् । सात महिनाअघि उक्त मुलुक गएका उनी नेपाली नागरिकको मृत्युले त्रास बढाए पनि काम भने नरोकिएको बताउँछन् । 'अहिले डेरा भन्ने ठाउँमा छु । यता खासै केही छैन, काममा गइरहेका छौं । नेपाली साथीको मृत्यु भएपछि हामी त्रासमै छौं तर पनि काम गर्नै पर्‍यो,' उनले भने, 'अलि पर जबेल



अली भन्ने ठाउँमाचाहिँ मिसाइलहरू आइरहेका छन् । मैले पहिला काम गरेको पाम जुमेरातिर काम बन्द छ ।'

साउदीमा रहेका झापाका डिल्ली रिजालले दूतावासले नागरिक कहाँ छन् भनेर अपडेट राख्ने संयन्त्र तयार गर्नुपर्ने बताए । १० वर्षअघि साउदी गएका उनले अहिलेसम्म यस्तो संयन्त्रको विकास नभएकोमा गुनासो गरे । 'साउदीमा रहेका नेपालीले आफू भएको स्थान, काम गर्ने कम्पनी, बस्ने ठाउँको सुरक्षा अवस्थालगायतका जानकारी लिन सक्ने अनलाइनको व्यवस्था गर्नुपर्‍यो,'

क्रमशः पृष्ठ २ मा

#### विज्ञको सुझाव

#### आधिकारिक सूचना प्रवाहमा जोड दिऔं

श्रमविद् रामेश्वर नेपालले श्रमिक र परिवारजनलाई विश्वस्त बनाउन सरकारले प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्नुपर्ने बताएका छन् । हाल दूतावासले जारी गरेका विज्ञप्तिहरू पर्याप्त नभएको उनको भनाइ छ । साथै, अहिले कुनै कदम चालिहाल्ने परिस्थिति नभएकाले विमानस्थल खुलेपछि के गर्ने भन्नेमा सरकारले गृहकार्य गर्नुपर्ने नेपालको भनाइ छ ।

'खाडी मुलुकमा कार्यरत श्रमिक र यहाँ भएका परिवारजनले आधिकारिक माध्यमबाट पर्याप्त सूचनाहरू सम्प्रेषण गरिरहनुपर्‍यो भनेका छन् । परराष्ट्रले वैकल्पिक उपायहरू अपनाएर कम्तीमा दुईपटक अथेन्टिक अपडेट गराउनुपर्छ,' उनले भने,

क्रमशः पृष्ठ २ मा

## परराष्ट्रले बनायो 'र्‍यापिड एक्सन टिम'

### अनलाइन पोर्टलमार्फत विवरण संकलन गरिँदै

**काठमाडौं–** सरकारले पश्चिम एसिया क्षेत्रमा विकसित पछिल्लो घटनाक्रमपछि त्यस क्षेत्रमा रहेका लाखौं नेपालीको सुरक्षा र सम्भावित उद्धारका लागि 'र्‍यापिड एक्सन टिम' गठन गरी काम सुरु गरेको छ ।

उक्त द्वन्द्वको अवस्थामा नेपाली नागरिकको अवस्थाबारे नियमित जानकारी लिन, अन्तरसरकारी निकायसँग समन्वय गर्न तथा उद्धारका लागि आवश्यक र उपयुक्त कदम चाल्नका लागि सिफारिस गर्ने प्रयोजनले आज उक्त टिम गठन गरिएको हो ।

परराष्ट्रमन्त्रीस्तरीय निर्णयबाट परराष्ट्रसचिवको संयोजकत्वमा गठन भएको उक्त टिमले त्यस प्रयोजनका लागि मित्रराष्ट्र तथा अन्य अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गर्ने छ । टिममा परराष्ट्र, गृह, अर्थ, कानुन, न्याय तथा संसदीय मामिला, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, शिक्षा तथा विज्ञान प्रविधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत निकायका प्रतिनिधि रहने व्यवस्था छ ।



परराष्ट्र मन्त्रालयले मंगलबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा सो टिम गठन र कार्यान्वयनका साथै पश्चिम एसियाको पछिल्लो अवस्थाबारेमा जानकारी दिइयो । मन्त्रालयको मध्य एसिया, पश्चिम एसिया तथा अफ्रिका महाशाखाका प्रमुख रामकाजी खड्काले उक्त टिमले कार्यादेशानुसार काम गर्न सुरु गरिसकेको जानकारी दिए । उनले सो क्षेत्रका ट्राञ्जिट विमानस्थलमा रहेका नेपालीलाई खान बस्नको प्रबन्धका लागि सम्बन्धित विमान कम्पनी र निकायलाई आग्रह गरी समन्वय भइरहेको बताए ।

संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि शनिबार गरेको संयुक्त सैन्य आक्रमणविरुद्ध इरानले प्रत्याक्रमण गरेपछि पश्चिम एसियाको स्थिति तनावपूर्ण भएको छ । सुरुमा सो क्षेत्रका मुलुकमा रहेका अमेरिकी सेनाका अखडाहरूलाई निशाना बनाएको इरानले पछिल्लो दिनमा विभिन्न मुलुकका विमानस्थल, पेट्रोलियम प्रशोधन केन्द्रलगायत अतिसंवेदनशील स्थानमा आक्रमण गरेको छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## मौन अवधिको...

उनले भने, 'पक्राउ परेका दुवै जना प्रसाईं समूहका कार्यकर्ता हुन् । हामीले आगजनी घटनाबारे थप अनुसन्धान थालेका छौं ।'

प्रसाईंलाई भने यसअघि नै भक्तपुरस्थित निवासबाट पक्राउ गरिएको थियो । उनी निर्वाचन सकिएपछि मात्रै हिरासतमुक्त हुने भएका छन् । जिल्ला प्रशासन कार्यालय भक्तपुरले उनलाई आइतबार मात्रै पाँच दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएको थियो । प्रसाईं हिरासतमा छँदा उनका समूहले मंगलबार पनि सवारीसाधनमा आगजनी गरेको हो ।

मंगलबार नै सशस्त्र प्रहरीले भक्तपुरको सूर्यविनायक-८ भुम्डोलबाट इन्सास राइफल र गोलीसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्ने ३१ वर्षीय आयन सेढाईं रहेका छन् । उनको साथबाट राइफल, विभिन्न प्रकारका गोली, खुकुरी, बञ्चरो र सिरिञ्ज बरामद भएको प्रहरीले जनाएको छ । बरामद हतियार गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोहको क्रममा सुरक्षाकर्मीबाट लुटिएको हुनसक्ने आशंका छ । तर, प्रारम्भिक अनुसन्धानले उनी प्रत्यक्षरूपमा निर्वाचन बिथोल्ने योजनामा सक्रिय रहेको पुष्टि नभएको जनाइएको छ ।

उता कोशीको राजधानी विराटनगरमा जिल्ला प्रशासन कार्यालय नजिकै बमजस्तो देखिने शंकास्पद वस्तु भेटिएपछि मंगलबार बिहानै त्रास फैलियो । नेपाली सेनाको बम डिस्पोजल टोलीले उक्त वस्तु निष्क्रिय पार्दा त्यो हाँडी रहेको खुल्यो । मधेसको बर्दिबासमा पर्ने रातु पुलमा पनि त्यस्तै शंकास्पद वस्तु फेला परेको र सेनाले डिस्पोज गरेको जनाएको छ ।

### देशभर १४२ जना पक्राउ

निर्वाचन बिथोल्ने आशंकामा देशभरबाट १४२ जना पक्राउ परेका छन् । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक अविनारायण काफ्लेका अनुसार पक्राउ गरिएकामध्ये ७६ जना हिरासतमा रहेको बताए । ६६ जना भने अनुसन्धानपछि छुटेका छन् । सोमबार मात्रै ९ जना पक्राउ परेका थिए । उनले भने, 'निर्वाचन विरोधी गतिविधि, अफवाह फैलाउने र आचारसंहिता उल्लंघन गर्नेहरूलाई निगरानीमा राखिएको छ ।'

नेपाल प्रहरीको प्रधान कार्यालयअन्तर्गतको केन्द्रीय निर्वाचन सेलले सामाजिक सञ्जालमार्फत अफवाह फैलाउने ३२ जनालाई नियन्त्रणमा लिएको जनाएको छ । साइबर सेलमार्फत सातै प्रदेशमा निगरानी बढाइएको छ । पक्राउ परेकामध्ये १५ जनालाई हिर ासतमा राखेर अनुसन्धान अघि बढाएको प्रहरी प्रवक्ता काफ्लेले बताए । उनका अनुसार 'चुनाव हुँदैन' भन्ने अभिव्यक्ति दिएका ज्योतिष रुद्रनाथ अधिकारीलाई पनि काठमाडौंको चन्द्रागिरिबाट पक्राउ गरिएको छ ।

### विष्फोटमा बालबालिका घाइते

धनुषाको मिथिला नगरपालिका-२ मा को बडहरी पुलमा बम विष्फोट हुँदा दुई जना बालबालिका घाइते भएका छन् । विष्फोटमा मिथिला-८ जमुनिवासकी १५ वर्षीया आशा भुजेल र आठ वर्षीय सुशील माझी घाइते भएका हुन् । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक (डिएसपी) गणेशबहादुर बमका अनुसार विष्फोटमा घाइते भएका दुवै बालबालिकाको अवस्था सामान्य छ । विष्फोट भएको बस्तु के थियो भन्ने स्पष्ट भइसकेको छैन । त्यसबारे थप अनुसन्धान भइरहेको डिएसपी बमले बताए ।

■■■

## धनुषा-१ का...

त्यसबेला उनकी साझेदार अञ्जली साह पनि कालोसूचीमा परेकी थिइन् । त्यसपछि २०८० असोज १७ गते साह र सञ्जितकुमार साह पुनः कालोसूचीमा परेका थिए । सोही मितिमा उनीहरू अर्को सूचीमासमेत दर्ता भएको रेकर्ड भेटिएको छ । त्यसको दुई दिनपछि १९ असोजमा साहसहित रामकुमार महासेठलाई सूचना केन्द्रले कालोसूचीमा राख्यो । २१ असोजमा पुनः साह र महासेठलाई अर्को सूचीमा राखिएको थियो । २०८० माघ २२ गते साह फेरि कालोसूचीमा परे, जसमा सञ्जितकुमार साह पनि संलग्न थिए ।

रास्वपाबाट टिकट लिएर चुनावी मैदानमा उत्रिसकेपछि समेत साह कालोसूचीमा परेको विवरण सार्वजनिक भएको थियो । गत माघ ४ र १० गते पनि उनलाई कालोसूचीमा राखिएको कर्जा सूचना केन्द्रको अभिलेखमा देखिएको छ ।

यसरी आठपटकसम्म कालोसूचीमा परेको तथ्य पुष्टि भएपछि आयोगले मंगलबार साहको उम्मेदवारी खारेज गरिदिएको हो । यससँगै रास्वपा धनुषा-१ मा उम्मेदवारविहीन बनेको छ । रास्वपाका समर्थकहरूले प्रत्यक्षमा अन्य पार्टीका उम्मेदवारहरूलाई रोज्नुपर्ने भएको छ । यद्यपि, मतपत्रमा भने घण्टी चिह्न कायम रहने छ । निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार यदि उम्मेदवारविनाको निर्वाचन चिह्नमा मत आए स्वतः बदर हुने छ ।

साहले रास्वपा प्रवेश गरेकै दिन टिकट पाएका थिए । त्यसअघि उनी डा. चन्द्रकान्त राउत नेतृत्वको जनमत पार्टीमा थिए । साहको राजनीतिक पृष्ठभूमि भने एमालेबाट सुरु भएको हो । उनले २०७४ सालको निर्वाचनमा धनुषा १ (क) बाट एमालेको प्रवेशसभा उम्मेदवार बनेर जित हासिल गरे । २०७९ सालमा एमालेबाट टिकट नपाएपछि जनमत प्रवेश गरेर प्रतिनिधिसभा उम्मेदवार बने । तर, तेस्रो स्थानमा रहँदै पराजित भए । जनमतबाट फेरि टिकट पाउने अवस्था नदेखेपछि अहिले फेरि चुनावको मुखमा रास्वपा प्रवेश गरेर टिकट हत्याएका थिए ।

तर, एक करोड २५ लाखको चेक बाउन्स र १२ करोड रूपैयाँ बराबरको पुल निर्माण सात वर्षदेखि अलपत्र पारेको आरोप उनीमाथि छ । यसपछि उनलाई कर्जा सूचना केन्द्रले कालोसूचीमा २०८० को वैशाखदेखि राखेको हो । साहको उम्मेदवारी खारेज भएसँगै धनुषा-१ मा अब अन्य प्रमुख दलबीच प्रतिस्पर्धा हुने देखिएको छ । उक्त क्षेत्रमा नेपाली कांग्रेसका रामपलटन साह, नेकपा एमालेका रामचन्द्र मण्डल र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट मातृकाप्रसाद यादव चुनावी मैदानमा छन् । हालसम्म उक्त क्षेत्रमा ४२ जना उम्मेदवार प्रतिस्पर्धामा रहेको जनाइएको छ ।

■■■

## मध्यपूर्वको...

ग्यासमा भने केही संकट देखिन सकिने घिमिरेको भनाइ छ । 'अन्य इन्धनको तुलनामा ग्यास आपूर्ति शृंखला भने फरक किसिमको छ । हाम्रोमा ग्यासको बुलेट भारतको मात्रै प्रयोग हुने गर्दछ भने यसको ढुवानीकर्ता भारतमात्रै हो,' उनले भने । अहिले मध्यपूर्वमा जारी युद्धका कारण इन्धन अभावको त्रासले सामान्य समयमा भन्दा बढी खपत भइरहेको उनले उल्लेख गरे । यसले गर्दा ग्यास अभावको समस्या केही मात्रामा देखिएको भएपनि यो समस्या समाधानतर्फ गइसकेको उनको भनाई थियो । अर्कोतर्फ, द्वन्द्वका कारण उडान रद्द हुँदा हवाई इन्धनको खपत घटेको र नेपालको सन्दर्भमा भण्डारण पनि पर्याप्त भएकाले त्रासमा रहनुपर्ने स्थिति नभएको घिमिरेले बताए ।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको आयात नियमित रहेकाले अनावश्यक भण्डारण नगर्न आमसर्वसाधरणमा आग्रह गरेको छ । निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले अनावश्यक भण्डारण गर्दा दुर्घटनाको जोखिमसमेत हुने भएकाले अनावश्यक भण्डारण नगर्न अनुरोध गर्दै इन्धन नियमित भइरहेको र चुनावभरि नियमित हुने जानकारी दिए । 'पेट्रोलियम पदार्थको आयात पाइपलाइनमार्फत नियमितरूपमा भइरहेको छ । आसन्न निर्वाचनको समयमा पनि पर्याप्त मात्रामा पेट्रोलियम पदार्थको आयात जारी रहनेछ,' भट्टले भने । उनका अनुसार नेपालमा पेट्रोलियम पदार्थको भण्डारण महिना दिनको लागि पुग्ने छ । भारतीय आयल निगमले तीन महिना पुग्ने तेल रहेको जानकारी दिएकोले आत्तिनुपर्ने कारण नरहेको भट्टले बताए । स्ट्रेट अफ होर्मुज बन्द जारी रहे रसियाबाट तेल आयात गर्ने भारतीय सरकारको तयारी रहेको बताइएको छ । यसले जारी संकटलाई टार्ने बताइएको छ ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामशरण खरेलले इजरायल-इरान द्वन्द्वका कारण नेपालको अर्थतन्त्रमा फेरि एकपटक चुनौती थपिएको बताए । 'कोरोना महामारीबाट आर्थिक स्थिति सामान्य अवस्थामा फर्कन नपाउँदै भूराजनीतिक तनाव, बाढीपहिरो र अहिले इरानको द्वन्द्वले फेरि अर्थतन्त्र प्रभावित हुने देखिन्छ,' खरेलले भने, 'अर्थतन्त्रले लय समाउने अपेक्षा गरिएकामा यस द्वन्द्वले थप चुनौती थपेको छ ।'

उनका अनुसार भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनपछि अर्थतन्त्रलाई लयमा आउने बाटोमा थियो । बैंकिङ प्रणालीमा अत्यधिक तरलता रहेको, बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम भएको र नयाँ सरकार आएपछि तरलता व्यवस्थापन हुने अपेक्षा गरिएको अवस्थामा नै मध्यपूर्वको द्वन्द्वले फेरि चुनौती थपेको खरेलको भनाइ छ ।

'मध्यपूर्वका १७ वटा देशमध्ये १५ वटा देशबाट नेपालमा रेमिटचान्स भित्रिने गरेको छ । यसमा पनि चारवटा देशले जम्मा रेमिटचान्सको ३५ प्रतिशत हिस्सा ओगटेको छ,' खरेलले भने, 'छोटो समयमा इरानको द्वन्द्व समाधान नभएमा करिब ४१ प्रतिशत रेमिटचान्स प्रभावित हुने देखिन्छ ।'

उनले समग्र देशमा तत्काल यसको समस्या नदेखिएपनि रेमिटचान्स पठाउनेहरूको घरमा भने तत्काल समस्या देखिने बताए । ६ महिनाको अवधिमा ६ लाख पर्यटक आउँदा मध्यपूर्वबाट आउने पर्यटक कम भए पनि सोहि बाटो हुँदै आउँने पर्यटक बढी रहेकाले यसको असर पर्यटन क्षेत्रमा समेत देखिने उनको भनाइ छ ।

वाणिज्य विद् रवि शंकर सैंजुले मध्य पूर्व द्वन्द्वबाट नेपालको पर्यटन क्षेत्रसमेत प्रभावित भएको बताए । 'द्वन्द्वका कारण हवाइ यातायात प्रभावित हुने र त्यसको असर हाम्रो पर्यटन व्यवसायमा पर्ने देखिन्छ । अहिले विभिन्न स्थानका विमानस्थलहरूमा नै पर्यटक रोकिनुपर्ने स्थिति बनेको छ,' सैंजुले भने, 'यो अवस्थाका कारण नेपाल आउने पर्यटकमा कमी आउने देखिएको छ ।'

■■■

## द्वन्द्वले त्रासमा...

उनले प्रभावसँगको भर्चुअल कुराकानीमा भने, 'म यत्रो वर्षदेखि काम गरिरहँदा सरकारले यी विषयमा ध्यान दिएको देखेको छैन । यसपटकबाट सुरु गर्नुपर्‍यो । फेरि भोलि ठूलो संकट आयो भने असम्भव हुनसक्छ ।'

मध्यपूर्वका साउदी अरब, युएई, कतार, ओमानलगायतका मुलुकमा इरानले ब्यालेस्टिक क्षेत्रप्यास्त्र तथा ड्रोन आक्रमण जारी राखेको छ । गत फेब्रुअरी २८ मा संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि आक्रमण गरेपछि सुरु भएको युद्धको असर नेपालीहरूको रोजगार गन्तव्यमा देखिएको हो । परराष्ट्र मन्त्रालयको तथ्यांकअनुसार मध्यपूर्वका १६ वटा मुलुकमध्ये १२ वटामा १७ लाख २९ हजार २८८ जना नेपाली रहेका छन् ।

नेपालजस्तै श्रमिक पठाउने फिलिपिन्स, इण्डोनेसिया, थाइल्याण्ड, पाकिस्तानलगायतका मुलुकले आफ्ना नागरिक कुन-कुन स्थानमा छन् भनेर ट्र्याक गर्नुका साथै उनीहरूलाई मुलुक फर्काउने योजनाहरू बनाइरहेको बताएका छन् । यस्ता विषयमा कमजोर देखिने गरेको नेपालले रोजगारीमा रहेका श्रमिकलाई सुरक्षित राख्न के कस्तो भूमिका खेल्छ भन्ने चिन्ता र चासो विदेश रहेका श्रमिकका साथै यहाँ भएका परिवारजनमा देखिन थालेको छ । यद्यपि, सरकारले भने नेपालीहरूको सुरक्षाका लागि नियोगलगायत संयन्त्रको परिचालनमा कुनै कसर बाँकी नराख्ने बताएको छ ।

■■■

## आधिकारिक...

'विमानस्थल बन्द भएको हालको अवस्थामा नेपाल फर्काउन पर्ने प्राथमिकतामा को छन्, कसरी फर्काउने भनेर योजना बनाउनुपर्छ ।'

सबै मुलुकका दूतावासले नेपालीहरूलाई सुरक्षित रहन अपिल गरेका छन् । तर कसरी सुरक्षित बस्ने भन्नेमा श्रमिकहरू स्पष्ट नभएको पाइएको छ । दूतावासले कसरी सावधानी अपनाउने भन्नेखालको सूचना दिनुपर्ने नेपालको सुझाव छ ।

'दूतावासहरूले सुरक्षित बस्नु भनिरहँदा कसरी बस्दा सुरक्षित भइन्छ भन्ने कुरा स्पष्ट नभएको गुनासो कामदारहरूले गरेका छन्,' उनले भने, 'त्यहाँको सरकारले कसरी सावधानी अपनाउन भनेको छ भनेर जानकारी लिनुपर्‍यो । जस्तैः हाम्रोमा भुइँचालो गयो भने कसरी सावधानी अपनाउने भनिन्छ नि, त्यो खालको सूचना दिनुपर्‍यो ।'

सीमित स्रोतसाधनका कारण विभिन्न मुलुकमा रहेका नेपाली दूतावासलेमात्र समस्याको सम्बोधन गर्न सकेको देखिँदैन । यो अवस्थामा गन्तव्य मुलुकमा भएका हेल्पलाइन लगायतका सपोर्ट सिस्टममा कसरी सम्पर्क गर्ने, त्यहाँबाट कस्ता कस्तो सेवा लिन सकिन्छ ? लगायतका विषयमा पनि जानकारी दिन आवश्यक रहेको जनाइएको छ । साथै, गैरकानुनीरूपमा रहेकाहरू अझ जोखिममा हुने भएकाले उनीहरूलाई विशेष ध्यान दिनुपर्ने विज्ञको सुझाव छ ।

■■■

## परराष्ट्रले...

युद्धले त्यस क्षेत्रका विभिन्न मुलुकमा रहेका १९ लाखभन्दा बढी नेपाली नागरिकमा अन्योलमा परेका छन् । अर्कोतिर त्यस क्षेत्रका दर्जनौं उडान रद्द हुँदा त्यहाँ जाने तयारी अवस्थामा रहेका र स्वदेश फर्कने तयारी अवस्थामा रहेका नेपाली नागरिक पनि अलपत्र परेका छन् ।

मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नेपाली नागरिकको सुरक्षा सरकारको पहिलो प्राथमिकतामा रहेको र सोहीअनुसार मन्त्रालयले काम गरिरहेको बताए । नेपाली नागरिकको सुरक्षा र समन्वयका लागि सो क्षेत्रका मुलुकमा अवस्थित नेपालका आठ दूतावास र दुई महावाणिज्य दूतावासबाट नियमित सूचना लिने र समन्वय भइरहेको उनले बताए । यसैगरी मन्त्रालयले एडभाइजरी जारी गर्दै सुरक्षासम्बन्धी निर्देशन तथा सूचना कडाइका साथ पालना गर्न आग्रह गरेको प्रवक्ता पौडेलको भनाइ छ ।

मन्त्रालयले मंगलबारदेखि नै सो क्षेत्रका नेपाली नागरिकलाई द्वन्द्वको अवस्थाबारे नियमित जानकारी दिन र समन्वयमा रहनका लागि अनलाइन पोर्टल बनाई फाराम भर्ने व्यवस्था गरेको छ । उक्त पोर्टलमा त्यहाँ रहेका नेपालीले आफूलाई परेको अप्ठेरो र जिज्ञासाबारेमा जानकारी गराउने काम सुरु भइसकेको कन्सुलर सेवा विभागका महानिर्देशक दुर्पदा सापकोटाले बताए । त्यस सूचना र जानकारीले सहायता गर्न तथा आगामी दिनमा सम्भावित उद्धारका लागि योगदान पुग्ने उनको भनाइ छ । *रासस*


**बिमालेख हरायो**

मिति २०८२/१०/०५ गते शंखमुलदेखि चावहिलसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **LIC Nepal बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : मोनु रोनियार**
**बिमालेख नं.: 110063488**
**ठेगाना : शंखमुल, च्यासल, ललितपुर**
**सम्पर्क : ९८४१३९१७७१**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०८२/११/२० गते**

यस कम्पनीको मिति २०८२/११/१० को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **काजामा इन्टरप्राइजेज प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/१२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **काजामा मल्टिपर्पोज प्रा.लि. (प्रा.लि.नं. ३१९४२८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**बुधबार, २० फागुन, २०८२**

| | |
|---|---|
| मेष | मन उदास रहनेछ । विश्वासपात्रबाट धोका मिल्न सक्छ । |
| वृष | अनावश्यक चिन्ताले सताउनेछ । काममा ढिला सुस्ती हुनेछ । |
| मिथुन | नयाँ नयाँ विचार आउनेछ । धैर्यताका साथ अघि बढ्नु उचित हुन्छ । |
| कर्कट | आत्मविश्वासमा कमि आउन सक्छ । सोचेर अघि बढ्नु उचित हुन्छ । |
| सिंह | मनमा ग्लानी उत्पन्न हुन सक्छ । गलत सङ्गतबाट जोगिनु राम्रो हुन्छ । |
| कन्या | बौद्धिकतामा वृद्धि भएर जानेछ । समाजमा सम्मान मिल्ने सम्भावना छ । |
| तुला | अनिर्णयको बन्धी हुन सकिन्छ । आफुभन्दा ठुलाको कुरा सुनेर कार्य गर्नुहोला । |
| वृश्चिक | अहंकार बढेर जान सक्छ । बोल्नु भन्दा सुन्नु राम्रो हुन्छ । |
| धनु | दौडधुप बढ्नेछ । इष्टमित्रको साथ सहयोग प्राप्त हुनेछ । |
| मकर | कडा परिश्रम गर्नुपर्नेछ । दिन सामन्य रहनेछ । |
| कुम्भ | आडम्बरीपन बढेर जानेछ । शास्त्रोक्त विचारलाई अवलम्बन गर्नु उचित हुन्छ । |
| मीन | पुराना कुरा र पुराना सम्बन्धले मन व्यथित बन्नेछ । काममा मन जानेछैन । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० फागुन, २०८२ (०४ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४५.२७ | १४५.८७ |
| युरो | १ को | १७१.६२ | १७२.३३ |
| पाउन्ड स्टिर्लङ | १ को | १९५.९० | १९६.७१ |
| स्विस फ्रेन्क | १ को | १८८.९४ | १८९.७२ |
| अस्ट्रेलियन डलर | १ को | १०३.३७ | १०३.८० |
| क्यानाडियन डलर | १ को | १०६.४७ | १०६.९१ |
| सिङगापुर डलर | १ को | ११४.८४ | ११५.३१ |
| जापानी येन | १० को | ९.३१ | ९.३५ |
| चिनियाँ युआन | १ को | २१.१८ | २१.२७ |
| साउदी अरब रियाल | १ को | ३८.७३ | ३८.८९ |
| कतारी रियाल | १ को | ३९.८५ | ४०.०२ |
| थाई भाट | ख १ को | ४.६८ | ४.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३९.५५ | ३९.७१ |
| मलेसियन रिङेट | १ को | ३७.३३ | ३७.४९ |
| दक्षिण कोरियन वन | १०० को | १०.०९ | १०.१३ |
| स्विडिस क्रोनर | १ को | १६.०९ | १६.१५ |
| डेनिस क्रोनर | १ को | २२.९७ | २३.०६ |
| हङकङ डलर | १ को | १८.५७ | १८.६५ |
| कुवेती दिनार | १ को | ४७५.५२ | ४७७.४८ |
| बहराइन दिनार | १ को | ३८५.२९ | ३८६.८८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# तस्बिरमा निर्वाचन तयारी






*तस्बिरहरूः रासस*

१) भोलि बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत कञ्चनपुरको क्षेत्र नम्बर ३ को मतगणनास्थल जिल्ला समन्वय समितिको सभाहलमा तारजाली र सिसिटिभी क्यामरा जडान गरिँदै ।
२) संखुवासभाको खाँदबारी नगरपालिका-१ स्थित टुँडिखेलमा मतदान केन्द्र निर्माण गरिँदै ।
३) प्रतिनिधिसभा निर्वाचन २०८२ अन्तर्गत तयार भएको रुपन्देहीको क्षेत्र नम्बर ३ को मतगणनास्थल ।
४) प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जुम्लाको तिला गाउँपालिका ९ स्थित राँसा मालापानी मतदान केन्द्रमा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गराउन मंगलबार बसेको सर्वदलीय बैठक ।

# गृहमन्त्री अर्यालले गरे मतदान केन्द्रहरूको अनुगमन

**काठमाडौं (प्रस)–** गृहमन्त्री ओमप्रकाश अर्यालले उच्च अधिकारीसहित ललितपुरका दुर्गम क्षेत्रका मतदान केन्द्रहरूको स्थलगत निरीक्षण गरेका छन् । मन्त्री अर्याल, गृहसचिव राजकुमार श्रेष्ठ, प्रवक्ता आनन्द काफ्लेलगायत उच्च अधिकारीको टोलीले निर्वाचन तयारी र सुरक्षा व्यवस्थाबारे ललितपुरको बुङ्मती, लेले, नल्लु र ठेचोका विभिन्न मतदान केन्द्रहरूको निरीक्षण गरेको हो ।

सो अवसरमा मन्त्री अर्यालले शान्ति सुरक्षाको अवस्था मजबुत बनाइएकाले आसन्न प्रतिनिधिससभा सदस्य निर्वाचनमा निर्धक्क भएर मतदान गर्न मतदातालाई आह्वान गरे । उनले भने, 'स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुन्छ, त्यसैले मतदाताहरूलाई ढुक्क भएर आफ्नो मताधिकारको प्रयोग गर्न आह्वान गर्दछु ।'

गृहमन्त्री अर्यालले निर्वाचन सुरक्षाको सम्पूर्ण तयारी भइसकेको जानकारी दिँदै आफू पनि सुरक्षित रहेर मतदानस्थल र मतपेटिका सुरक्षित गर्न मतदान अधिकृत र सुरक्षाकर्मीलाई आग्रह गरेका छन् । उनले निर्वाचनमा कुनै पनि किसिमको गैरकानुनी क्रियाकलाप भएमा वा गराइएमा दोषीलाई कानुनी दायरामा ल्याएर कडा कारबाही गरिने बताए ।

मन्त्री अर्यालले स्थानीय मतदातासँग कुराकानी गर्दै समग्र अवस्थाबारे जानकारी लिएका थिए । उनले निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मीलाई आ-आफ्नो जिम्मेवारी कुशलतापूर्वक पालना गर्न आग्रह गरेका छन् । निर्वाचनस्थलको अनुगमनपछि गृहमन्त्री अर्यालले शान्तिपूर्वक मतदान हुने र धेरैभन्दा धेरै जनता मतदानमा सहभागी हुने



विश्वास व्यक्त गरे ।

मन्त्री अर्यालले मतदानस्थलको मतपेटिका सुरक्षा प्रवन्ध, मतपेटिका, ढुवानीसम्मको समग्र अवस्थाको अनुगमन गरी जानकारी लिए । साथै उनले मतदान स्थलमा खटिएका कर्मचारी, मतदान अधिकृत, सुरक्षाकर्मी र स्थानीयवासीसँग कुराकानी गरेका थिए ।

यसअघि आइतबार गृहमन्त्री ओमप्रकाश अर्याल, गृहसचिव राजकुमार श्रेष्ठ, प्रहरी महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याललगायत उच्च अधिकारीको टोलीले बाँकेको नेपालगञ्ज हुँदै अछाम, बझाङ, बाजुरा र कैलालीको धनगढी पुगेर निर्वाचन तयारी र सुरक्षा व्यवस्थाबारे स्थलगत निरीक्षण तथा अनुगमन गरेका थिए ।

त्यस्तै फागुन १५ गते गृहमन्त्री अर्याल, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसहितको उच्चअधिकारी टोलीले दोलखा, ओखलढुंगा, मोरङ, रौतहट र पर्सामा निर्वाचनको तयारी र शान्ति सुरक्षाबारे जिल्ला प्रमुख राजनीतिक दल, प्रमुख सुरक्षा समिति, जिल्लास्थित मतदान अधिकृत तथा अन्य सरोकारवालासँग छलफल र अन्तर्क्रिया गरेको थियो ।

गृह मन्त्रालयमा प्रत्येक दिन केन्द्रीय सुरक्षा समितिको बैठकमा निर्वाचनसँग सम्बन्धित दैनिक गतिविधिको समीक्षा र रणनीति तथा जनशक्ति परिचालनका साथै जिल्ला समन्वयको कामलाई प्रभावकारी बनाइएको छ । निर्वाचन सुरक्षा रणनीतिअन्तर्गत निर्वाचन अघि, निर्वाचनको अवधिमा र निर्वाचनपश्चात् मतपत्रको ढुवानी, परिणाम घोषणासम्मका कार्यलाई व्यवस्थित र सुरक्षित बनाउन प्रतिनिधिसभा सदस्य निर्वाचन एकीकृत सुरक्षा योजना २०८२ अन्तर्गत रही कार्य गरिरहेको मन्त्रालयले जनाएको छ ।

# ११ दल र १९८६ उम्मेदवारले मात्र खोले बैंक खाता

**काठमाडौं (प्रस)–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवारी दर्ता गराएका तीन हजार ४०६ प्रत्यक्ष उम्मेदवारमध्ये एक हजार ९८६ जना उम्मेदवारले मात्र बैंक खाता खोलेको निर्वाचन आयोगले जनाएको छ ।

मतदानको दिन आउन दुई दिनमात्र बाँकी हुँदासम्म अझै एकतिहाइ उम्मेदवारले खाता खोल्न बाँकी छ । निर्वाचनमा भाग लिएका ६५ दलमध्ये ११ दललेमात्र खाता खोलेका छन् । मंगलरबारसम्म खाता खोल्ने दलहरूमा नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा, नेकपा संयुक्त, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी (जसपा), संयुक्त नागरिक पार्टी, मितेरी पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय जनमुक्ति पार्टी रहेको आयोगकी सहायक प्रवक्ता सीता पुन श्रीसले जानकारी दिइन् ।

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरूले लिने आर्थिक सहायताको पारदर्शिता र निर्वाचन कानुनले तोकेको खर्चको सीमाको पालना तथा प्रभावकारी निगरानीका लागि बैंक खाता खोल्ने व्यवस्था गरिएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचन प्रचारप्रसार बैंक खाता (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ अनुसार प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा भाग लिने प्रयोजनका लागि आयोगमा दर्ता भई समानुपातिक र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि उम्मेदवारी दिएका सबै राजनीतिक दल, दलका उम्मेदवारहरू र स्वतन्त्र उम्मेदवारहरूले समेत कार्यविधिअनुसार निर्वाचन प्रचारप्रसारका लागि आर्थिक सहयोग लिई गर्ने आम्दानी खर्च कारोबार सोही खातामार्फत हुने व्यवस्था गरिएको छ । यही व्यवस्थाअनुसार दल र उम्मेदवारले खाता खोलेका हुन् ।

डि.स.का. द.नं. २१५८/०६५/६६
**हसना भास्तिपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च.न.पा.-१२, बलम्बु(भास्तिपुर), काठमाडौं
NEFSCUN
सा.सू.नं. ०२/०८२/८३

**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना**

**सूचना प्रकाशित मिति : २०८२/११/२०**

यस संस्थाको तपशिलको ऋणी सदस्यले सदस्य सेवा केन्द्र हाईवे बलम्बु शाखाबाट उपभोग गरेको कर्जाको साँवा, व्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत सदस्यले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा हर्जनासमेत बुझाउनुहुन सम्बन्धित ऋणी सदस्य, धित्तो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र वक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिदा यस संस्थालाई लेखाई दिएको धित्तो लिलाम विक्रि गरी यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धित्तो लिलाम विक्रिबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धित्तोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी सदस्यको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ति तथा अन्य जायजेथा सम्पत्तिबाट बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी सदस्य तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**तपशिलः**

**ऋणीको तीन पुस्ते विवरण र फोटो**

नाम : गोमा विष्ट
स.नं. : ००१४७
सा. ठेगाना : मातातिर्थ-१, काठमाडौं
हा. ठेगाना : चन्द्रागिरि-८, काठमाडौं
ना.प्र.नं. : ३०/९१०४४
बाजेको नाम : जित बहादुर विष्ट
बुबाको नाम : भरत विष्ट
पतिको नाम : विक्रम ध्वज थापा



**धितो सुरक्षण राखिएको सम्पति र सुरक्षणधनीको विवरण :**

श्री जित बहादुर विष्टको नातिनी श्री भरत विष्टको छोरी र श्री विक्रम ध्वज थापाको श्रीमति काठमाडौं जिल्ला चन्द्रागिरी न.पा. वडा नं. ८ स्थायी ठेगाना भएको श्री गोमा विष्टको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला मातातिर्थ गा.वि.स. वडा नं. १ को कित्ता नं. ३५८ को क्षेत्रफल ०-९-०-० (२८६.११ व.मि) को जग्गा र सो जग्गमा बनेको घर समेत ।

**मलेसियामा रोजगार** कम्पनी : DELEGASI EMAS SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/११/१९ LT. No. 339838 चलानी नं. ६०२५३२१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 5 | 0 | 1700 | ६३,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ फागुन २७ गते (11th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

**कतारमा रोजगार** कम्पनी : APOGEE ENGINEERING & TECHNICAL SERVICES COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०६/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/११/१९ LT. No. 331726 चलानी नं. ६०२५३२१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRIC TECH | 3 | 0 | 1800 | ७२,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ फागुन २७ गते (11th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

**मलेसियामा रोजगार** कम्पनी : TEAM PRINTERS SDN BHD
पूर्व स्वीकृति मिति : २०८२/११/१९ LT. No. 339881 चलानी नं. ६०२५३२१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 13 | 0 | 1700 | ६३,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमिति: २०८२ फागुन २७ गते (11th Mar. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- रोजगारदाताले तिर्ने | रु. १,५००/- राजेगारदाता कम्पनीले | नि:शुल्क | रु.२१००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०९/०७३/०७४
**Universal H.R Soltution Pvt.Ltd.**
Baneshwor, Milan chowk-31, Kathmandu, Tel: 014593365, 4593465, Mobile No. 9802829481
E-Mail : uhrsolution1209@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# निर्वाचनमा सुरक्षा सतर्कता बढाऊ

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत भोलि देशभर मतदान हुँदै छ । मतदानको पूर्वसन्ध्यामा निर्वाचनलाई आतंकित पार्ने खालका घटनाहरू छिटफुट हुन थालेका छन् । मंगलबार काठमाडौंको नैकाप र सुकेधारामा गाडीमा आगजनी भयो । कैलालीको धनगढीमा दुई समूहबीच झडप हुँदा प्रहरी घाइते भए । यता ललितपुरको महालक्ष्मीस्थानमा प्रहरीमाथि दुर्व्यवहार भयो भने बारा एकमा एक उम्मेदवारले बन्दुक नै पड्काए । यसैगरी देशका विभिन्न स्थानमा शंकास्पद वस्तुले नागरिकलाई तर्साउने प्रयास भएको छ ।

भयरहित वातावरणमा मतदानमा भाग लिन पाउनु सबै नागरिकको अधिकार हो । तर निर्वाचनको पूर्वसन्ध्यामा यस्ता तत्वहरू सक्रिय हुनु भनेको त्रासको सिर्जना हो । यसले धेरै मतदातालाई मतदान केन्द्रसम्म पुग्न सहज बनाउँदैन । त्यसैले पनि सुरक्षा निकायले विशेष ध्यान दिनैपर्छ । निर्वाचन सुरक्षाका लागि सरकारले सेना नै खटाएको छ । यता नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, निर्वाचन प्रहरी र सम्बन्धित स्थानीय तहको सुरक्षाकर्मी गर्दा पाँच तहका सुरक्षा निकाय निर्वाचनमा खटिएको भनिएको छ ।

गृह मन्त्रालयको तथ्यांकअनुसार निर्वाचन सुरक्षाका लागि ७९ हजार ७२७ नेपाली सेना, ७५ हजार ७९७ नेपाल प्रहरी, ३४ हजार ५६७ सशस्त्र प्रहरी बल, एक हजार ९२१ राष्ट्रिय अनुसन्धान र एक लाख ४९ हजार ९० निर्वाचन प्रहरी खटिइएका छन् । यो निर्वाचनमा झण्डै चार लाख सुरक्षाकर्मी परिचालन भएको देखिन्छ । सुरक्षाकर्मीको परिचालन मानसिकरूपमा आपराधिक तत्वको मनोबल कमजोर बनाउन हो भने नागरिकको मनोबल बलियो बनाउन हो । तर मतदानको दिन नजिकिँदा त्रसित बनाउने खालका घटना हुनु सुरक्षाकर्मीको उपस्थिति कमजोर देखिनु हो ।

निर्वाचनका लागि आएका निर्वाचन प्रहरीलाई सडक सुरक्षाको जिम्मेवारी दिएर प्रहरीहरू विभिन्न जिल्लामा खटिएको पनि देखिएको छ । जसका कारण सडक दुर्घटनका घटना बढ्न थालेका छन् भने थप दुर्घटना हुने जोखिम पनि उत्तिकै बढ्दो छ । निर्वाचन पर्व हो । यस्तो बेला शान्ति सुरक्षा र अमनचयनको ग्यारेण्टी दिने काम सरकारको हो । सरकारले सुरक्षा निकायलाई यो जिम्मेवारी दिएको छ । यसैले सडक सुरक्षादेखि मतदान केन्द्रसम्मको सुरक्षाको अवस्था कस्तो अवस्थामा छ भन्ने विषयमा नियमन जारी राख्नुपर्छ । कडा नियमनले पक्कै पनि सुरक्षा मजबुत बन्दै जाने छ । यसले नागरिकमा आशा पनि जगाउने छ । सुरक्षाको प्रत्याभूति मिल्ने छ । त्यसैले सुरक्षा निकायले नियमित नियमन गरी निर्वाचनको सुरक्षा सतर्कतामा विशेष ध्यान देओस् ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीमा रहँदा अपनाउनुपर्ने स्वास्थ्य सुरक्षाका उपायहरु

- सामान्यतया काम गर्ने समय आठ घण्टा अनिवार्य हो तर काम (ओभरटाइम) पाइयो भन्दैमा १२ घण्टाभन्दा बढी काम गर्दा शरीरलाई चाहिने आराम कम हुने भएकोले स्वास्थ्यमा असर पर्न जान्छ ।
- कोठामा बस्दा वा सुत्दा एसी सही किसिमबाट प्रयोग गर्नुपर्छ ।
- त्यसैले दैनिक १२ घण्टा काम गर्ने हो भने आठ घण्टा अनिवार्यरूपमा आराम गर्नुपर्दछ ।
- दैनिक काम गरेको समय र आरामको समय मिलाई सोहीबमोजिम पोषिलो खाना खानुपर्दछ ।
- स्वदेश र विदेशको वातावरण फरक पर्ने हुँदा पर्याप्त मात्रामा पानी पिउने गर्नुपर्दछ ।
- बाहिरी वातावरणमा घुम्न जाँदा वा हिँड्दा मास्क, चस्मा आदिको प्रयोग गर्नुपर्दछ ।
- जाडो र गर्मीको वातावरण हेरी कार्यस्थलमा वा स्थानमा उपयुक्त तवरले प्रयोग गर्नुपर्दछ ।
- धूमपान तथा मादकपदार्थको प्रयोगले स्वास्थ्यमा तुरुन्तै असर गर्ने भएकोले यसको प्रयोग गर्नु भनेको स्वास्थ्य खतरामा पार्नु हो । त्यसैले मादकपदार्थको प्रयोगबाट टाढै रहनुपर्दछ ।
- कामको प्रकृतिअनुसार तोकिएका सुरक्षाका सामानहरू प्रयोग गर्नुपर्दछ । जस्तोः चस्मा, पञ्जा, रोप, बुट, ड्रेस, हेल्मेट, हार्नेस आदि । सुरक्षा कवच प्रयोग गर्न लापरवाही गरे दुर्घटना हुनसक्छ, स्वास्थ्यमा असर पर्छ ।

महिला कामदारले ध्यान दिनुपर्ने कुराहरु

- प्रायः घरमा सिसी क्यामरा जडान गरिएको हुन्छ । त्यसबाट सबै कुरा निरीक्षण गरिरहेका हुन्छन् । त्यसैले सावधानी अपनाउनुपर्दछ ।
- घरमुली वा रोजगारदातासँग बढी कुराकानी गर्दा कतिपय ठाउँमा राम्रो मानिँदैन ।
- नचिनेको महिला वा पुरुषको साथ लागेर नचिनेको/नजानेको ठाउँमा जानु हुँदैन ।
- पुरुष रोजगारदातामात्र घरमा भएका बेला विशेष सावधानी अपनाउनुपर्दछ ।
- कुनै समस्यामा परिहाले कसलाई सम्पर्क गर्ने भन्ने पूर्वतयारी अवस्थामा रहनुपर्दछ । त्यस्तो अवस्थामा गोप्य तरिकाले सम्बन्धित निकाय, संस्था वा व्यक्तिलाई सहयोगको याचना गर्नुपर्दछ ।



**सगुन शम्शेर राणा**
निर्वाचन आयुक्त, निर्वाचन आयोग

# ‘मौनअवधिमा विशेष निगरानीको व्यवस्था गरिएको छ’

निर्वाचन आयुक्त **सगुन शम्शेर राणा**ले निर्वाचनको मौनअवधिमा हुनसक्ने चलखेललाई रोक्न विशेष निगरानीको व्यवस्था गरिएको बताएका छन् । उनले निर्वाचनमा मौनअवधि प्रचारप्रसार गरेर थाकेका उम्मेदवारलाई थकाइ मार्न र शान्त रहन तथा मतदातालाई पनि सोच विचार गरी स्वतन्त्ररूपमा उम्मेदवार छनोट सम्बन्धमा निर्णय प्रदान गरिएको समय भएकाले निर्वाचन आचारसंहिताविपरीतका कुनै कार्य नगर्न अपिल गरेका छन् । मौनअवधिमा निर्वाचन आचारसंहिताविपरीत राजनीतिक दल र उम्मेदवारले मतदातालाई प्रभावमा पार्छन् कि भन्ने पाटोमा आयोग सचेत रहेको उनले बताए । कानुनविपरीतका गतिविधि रोक्न जिल्ला अनुगमन अधिकृत र सुरक्षा निकाय परिचालन गरी विशेष निगरानीको व्यवस्था मिलाइएको उनको भनाइ छ । प्रस्तुत छ, भोलि फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी र समग्र शान्ति सुरक्षाको अवस्थालगायत विषयमा निर्वाचन आयुक्त राणासँग *राससले* गरेको कुराकानीः

**निर्वाचनको तयारी र शान्ति सुरक्षाको अवस्था कस्तो छ ?**

निर्वाचनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । सुरक्षा व्यवस्थापनमा करिब तीन लाख ४२ हजार सुरक्षाकर्मी परिचालन भइसकेका छन् । त्यहीअनुपातमा कर्मचारी पनि अहोरात्र खटिएका छन् । मतपत्र सबै स्थानमा निर्वाचन क्षेत्रमा पुऱ्याइ सकिएको छ । सुरक्षा संयन्त्र सबै मतदान केन्द्र र स्थलका लागि खटिसकेको अवस्था छ । यसबीचमा मतदान अधिकृतहरूको तालिम सम्पन्न भइसकेको छ । उनीहरू सम्बन्धित स्थानमा पुगिसकेका छन् । मतदातालाई कसरी निर्वाचनमा सभ्य तरिकाले मतदान गर्ने, बदर मत घटाउने भन्ने पक्षमा पनि हामी लागि रहेका छौं । आचारसंहिता अनुगमनको पनि तीव्र तरिकाले गति बढी रहेको छ । राजनीतिक दल र उम्मेदवार पनि निर्वाचनको प्रतिस्पर्धाका लागि तयार छन् । चुनाव प्रचारप्रसार सकिएर मौन अवधि सुरु हुँदै छ । निर्वाचन सम्पन्न गर्न हामी पूर्णरूपमा तयारीमा छौं, कुनै समस्या छैन ।

**निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित तुल्याउन निर्वाचन आयोग र सरकारबीच समन्वय कसरी भइरहेको छ ?**

यसमा पनि सुरक्षा निकायको विषय आउँछ, नेपाल सरकारको गृहमन्त्रीको अध्यक्षतामा सातवटै प्रदेशमा निर्वाचन सुरक्षा गोष्ठी सम्पन्न भयो । आयोगका तर्फबाट निर्वाचन सुरक्षा समितिको संयोजकका हैसियतले धेरै पटक समितिको बैठक बसालेर निर्वाचनमा आउन सक्ने सुरक्षा चुनौतीको विश्लेषण गरी आवश्यक सम्बोधन गरिसकेको अवस्था छ । नेपाल सरकारसँग अत्यन्त प्रभावकारी समन्वय भइरहेको छ । वर्तमान सरकारको मुख्य जिम्मेवारी र कार्यादेश नै निर्वाचन हो । निर्वाचन आयोगको पनि मुख्य जिम्मेवारी निर्वाचन सञ्चालन, रेखदेख र नियमन गर्ने हो । त्यसकारण सरकार र आयोग दुवै पक्ष निर्वाचन सफलतापूर्वक सम्पन्न गर्न प्रतिबद्ध छ ।

**मतदाता शिक्षाका विषयमा के–कस्तो प्रतिक्रिया प्राप्त भएको छ ?**

मतदाता शिक्षा भर्खरै सुरु गरिएको छ । मतदाता शिक्षाको घरदैलो कार्यक्रम प्रचलित थियो । अघिल्लो निर्वाचनमा रोकियो । अमुक उम्मेदवार र दलले आफ्नोमात्रै प्रचार गरेको भन्ने गुनासो आयो । नेपाल सरकारको पैसा लक्षित उद्देश्यमा प्रयोग भएन भन्ने गुनासोपछि त्यस बेला रोकियो । तर अहिले आममतदाताबाट फेरि ज्यादै माग भएपछि मतदाता शिक्षामा स्थानीय गाउँबस्तीसम्म पुग्नेगरी स्वयंसेविका खटाएर प्रचारप्रसार गरिएको छ, पक्कै यसपटक त्यसको नतिजा राम्रै आउँला । निर्वाचनपछि मात्रै थाहा हुन्छ, बदर मतको प्रतिशत कति घट्यो भन्ने तर अहिले त्यसको प्रतिक्रिया राम्रै आएको छ ।

**निर्वाचनको आचारसंहिता पालनामा अहिलेसम्म देखिएका चुनौती के–कस्ता छन् ?**

अहिले निर्वाचनको समयमा देखिएको मुख्य चुनौती भनेको सामाजिक सञ्जाल र एआईको दुरूपयोग हो । निर्वाचनमा असल नतिजाका लागि सकारात्मकरूपमा प्रयोग हुनुपर्ने प्रविधि आरोप-प्रत्यारोप र भ्रामक सामग्री फैलाउन प्रयोग भइरहेको छ । उदाहरणका लागि त्यसमार्फत उम्मेदवारले प्रचारप्रसार गर्ने, सही मतदाता शिक्षा दिई सकारात्मक नतिजा ल्याउन सकिन्थ्यो तर यहाँ आरोपप्रत्यारोमा बढी प्रयोग भइरहेको देखिन्छ । आयोगले यसलाई नियन्त्रण गर्न प्रविधि र प्राविधिक टोली परिचालन गरेको छ । विशेषगरी टिकटकसँग समन्वय गरी आचारसंहिता उल्लंघन गर्ने सामग्री छिटो हटाउने व्यवस्था गरिएको छ । यद्यपि, अघिल्ला निर्वाचनका तुलनामा निर्वाचन सभ्य ढंगबाट अघि बढिरहेको छ ।

**निर्वाचनको मौन अवधिमा हुनसक्ने चलखेल रोक्न के तयारी गरिएको छ ?**

निर्वाचनमा मौनअवधि भनेको राजनीतिक दल र उम्मेदवारलाई शान्त रहन तथा थकाइ मार्न उपलब्ध गराइएको समय हो । यो अवधि मतदातालाई पनि स्वतन्त्ररूपमा निर्णय लिन सकून् भन्नका लागि हो । यस अवधिमा मतदातालाई निर्वाचन आचारसंहिताविपरीत राजनीतिक दल र उम्मेदवारले प्रभावमा पार्छन् कि भन्ने पाटोमा आयोग सचेत छ । यस अवधिमा हुनसक्ने कानुनविपरीतका गतिविधि रोक्न जिल्ला अनुगमन अधिकृत र सुरक्षा निकाय परिचालन गरिएको छ । विशेष निगरानीको व्यवस्था मिलाइएको छ ।

**बदर मत घटाउन तथा सदर मत प्रतिशत बढाउन मतदाताले के कुरामा ध्यान दिनुपर्छ ?**

यसमा जनचेतनाको पाटो छ, आखिर मत हाल्ने मतदाताले नै हो । हुन त विगतका निर्वाचनको कुरा गर्ने हो भने शिक्षित जनप्रतिनिधिले समेत आफ्ना अभिभावक छान्ने राष्ट्रपति र राष्ट्रिय सभाको निर्वाचनमा पनि मत बदर भएको इतिहास छ । मतदाताले मतपत्रमा स्पष्टरूपमा निर्वाचन चिह्नको कोठाभित्र मात्र स्वस्तिक छाप लगाउनुपर्छ । मतपत्र सही तरिकाले फोल्ड गर्न पनि ध्यान दिनुपर्छ । आयोगले मतदाता शिक्षाका लागि स्वयंसेवक परिचालन गरेको छ र डिजिटल माध्यमबाट पनि सचेतना अभियान सञ्चालन भइरहेको छ । यसपटक बदर मत घट्ने आशा गरेका छौं ।

**मतदान व्यवस्थापनका सन्दर्भमा के–कस्ता व्यवस्था गरिएको छ ?**

एक हजार मतदाता संख्या भएको ठाउँमा एउटा केन्द्र बनाइएको छ । त्योभन्दा माथि हुनासाथ अर्को मतदान केन्द्रको व्यवस्था थप गरिएको छ । सकेसम्म वृद्ध, अपांगता भएका व्यक्ति, गर्भवती महिला र बिरामी मतदातालाई प्राथमिकता दिइने छ । उपलब्ध स्रोतसाधनको अधिकतम प्रयोगगरी मतदातालाई सहज वातावरण प्रदान गर्ने प्रयास गरिएको छ । सबै मतदातालाई आफ्नो अमूल्य मतदानको प्रयोग गर्न आह्वान गर्न चाहन्छु ।

**विगतमा मतगणना ढिलो भयो भन्ने गुनासो रहँदै आएकोमा यसपटक त्यो दोहरिन नदिन के–कस्तो तयारी र व्यवस्थापन मिलाइएको छ ?**

मतगणनालाई छिटो बनाउन यसपटक आवश्यक जनशक्ति बढाइएको छ । यद्यपि, हामीसँग मतगणनाका लागि स्वचालित मेसिन प्रणाली छैन । म्यानुअल प्रणालीमै मतगणना हुने छ । भौगोलिक अवस्थाका कारण कतिपय जिल्लामा मतपेटिका संकलन गरी केन्द्रसम्म ल्याइ पुऱ्याउन पनि केही समय लाग्न सक्छ, तर जनशक्ति व्यवस्थापन सुधार गरेर प्रक्रियालाई छिटो र प्रभावकारी बनाउने प्रयास गरिएको छ ।

**अन्त्यमा, मतदाताहरूलाई के सन्देश दिन चाहनुहुन्छ ?**

मतदाताले आफ्नो मतदान गर्ने अधिकार प्रयोग गर्नुपर्छ । यो सामान्य निर्वाचन होइन, विशेष परिस्थितिमा हुन लागेको महत्त्वपूर्ण निर्वाचन हो । देशलाई निकास दिन, लोकतन्त्रलाई सुदृढ बनाउन, नागरिकलाई बलियो बनाउन तथा समाजलाई विकास र समृद्ध तुल्याउन योग्य उम्मेदवारको छनोट गर्नुपर्छ । त्यसका लागि यही फागुन २१ गते हुने निर्वाचनमा अनिवार्यरूपमा मतदान गर्न म सम्पूर्ण मतदातालाई अपिल गर्दछु ।

# फागुन २१ दलहरूको अग्निपरीक्षा



❑ सन्तोष पौडेल

"आसन्न निर्वाचनले केबल संसद्को अंकगणितमात्र तय गर्ने छैन; नेपाली राजनीतिमा पुस्तान्तरण, वैचारिक स्पष्टता र लोकतान्त्रिक संस्कारको भविष्य पनि निर्धारण गर्ने छ । डर, आशा, आक्रोश र अपेक्षाबीच नेपाली मतदाता अन्ततः कसलाई भरोसा गर्ने भन्ने निर्णयको घडीमा रहेका छन् । यतिबेला मतदाताले विवेक गुमाउनु हुँदैन । हत्या र बिध्वंस पुनः दोहोरिन नदिन र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न यतिबेला एक मत निर्णायक बन्न सक्छ । त्यसैले मतदाताले पनि एकपटक टक्क अडिएर सोच्न र सही दल र उमेदवारलाई मत दिन अनिवार्य देखिएको छ ।

फागुन २१ मा हुन गइरहेको प्रतिनिधिसभा निर्वाचन नेपाली राजनीतिका लागि सामान्य आवधिक चुनावमात्र होइन, दलहरूको एजेण्डा, नेतृत्व र अस्तित्वको अग्निपरीक्षा बनेको छ । विगतका निर्वाचनमा जस्तै यसपटक पनि सत्ता-प्रतिस्पर्धा त छँदै छ, तर मनोदशाको तहमा हेर्दा राजनीतिक परिदृश्य निकै फरक देखिन्छ । अघिल्ला चुनावमा दलहरूले संघीयता, गणतन्त्रको संस्थागतकरण, संविधान कार्यान्वयन, समावेशिताजस्ता मूल राजनीतिक मुद्दालाई केन्द्रमा राख्ने गरेका थिए । तर यसपटक अधिकांश दलहरू स्थानीय तह निर्वाचनको शैलीमा विकास, पूर्वाधार, रोजगारी र सेवा प्रवाहका एजेण्डामा बढी केन्द्रित देखिन्छन् ।

राजनीतिक दलहरूमा आएको यो परिवर्तन आफैंमा अर्थपूर्ण छ । एकातिर राजनीतिक एजेण्डा कमजोर भएको संकेत हो भने अर्कातिर जनताको प्राथमिकता बदलिएको यथार्थ पनि हो । विशेषतः गत भदौ २३ र २४ मा भएको ‘जेन-जी विद्रोह’ भनेर व्याख्या गरिएको युवा असन्तुष्टिले दलहरूलाई आफ्नो भाष्य परिवर्तन गर्न बाध्य बनाएको छ । परम्परागत नाराभन्दा परिणाममुखी कार्यक्रम प्रस्तुत गर्नुपर्ने दबाब यसपटक सबै दलले महसुस गरेका छन् । यस निर्वाचनको सबैभन्दा ठूलो मनोवैज्ञानिक पाटो जेन-जी पुस्ताको असन्तुष्टि हो । सामाजिक सञ्जालमार्फत व्यक्त भएको आक्रोश, स्थापित नेतृत्वप्रति अविश्वास र वैकल्पिक राजनीतिक संस्कारको मागले पुराना दलहरूको आत्मविश्वास हल्लाएको छ ।

यस निर्वाचनमा राजनीतिक पार्टीहरूले सार्वजनिक गरेका घोषणापत्रहरू नियाल्दा स्पष्ट हुन्छ, त्यहाँ धेरै डर र थोरै आशाको प्रतिविम्ब देखिन्छ । भ्रष्टाचारविरुद्ध कठोर कदम, युवालाई नेतृत्वमा ल्याउने प्रतिबद्धता, पारदर्शिता र डिजिटल शासनका वाचा- यी सबै जेन-जीलाई सम्बोधन गर्ने प्रयास हुन् । तर यी प्रतिबद्धताहरूमा पुरानो राजनीतिक संस्कारबाट पूर्णविच्छेद भएको भने देखिँदैन । नयाँ भनिएका दलहरू पनि यस मनोदशाबाट मुक्त छैनन् । जेन-जी विद्रोहको भावनालाई नारामा प्रयोग गरे पनि प्रत्यक्षरूपमा विद्रोही युवालाई नेतृत्व तहमा समावेश गर्न नसक्दा ती दलहरू ‘हात्तीका देखाउने दाँत’जस्ता देखिएका छन् भन्ने धेरैको विश्लेषण रहेको छ । संरचना र नेतृत्वको तहमा पुरानै शैली दोहोरिएको छ ।

पुराना दलमध्ये जेन-जी आन्दोलनका बेला सत्ताको साझेदार दल तथा तत्कालीन प्रतिनिधिसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस विशेष महाधिवेशनपछि नयाँ नेतृत्वमा केन्द्रित देखिएको छ । औपचारिकरूपमा पुस्तान्तरण र संगठन पुनर्संरचनाको सन्देश दिएको कांग्रेसले आफूलाई पुनर्जीवित गर्ने प्रयास गरिरहेको छ । विशेषगरी सभापति गगन थापाको सक्रियताले कांग्रेसभित्र ऊर्जा थपिएको देखिन्छ । थापाले युवामैत्री छवि निर्माण गर्दै कांग्रेसलाई पुरानो लोकतान्त्रिक विरासत फर्काउने कसरतमा दौडाइरहेका छन् । नीति, सुशासन र संस्थागत सुधारको भाष्यमार्फत कांग्रेसलाई वैचारिकरूपमा पुनर्स्थापित गर्ने प्रयास भइरहेको छ । गुटगत प्रतिस्पर्धा, टिकट वितरणको केही असन्तोष र नेतृत्वको हस्तान्तरणमा अपूर्णता कांग्रेसको चुनौती बनेको छ । जेन-जी विद्रोहप्रति सहानुभूति देखाए पनि त्यसलाई पूर्णरूपमा आत्मसात् गर्ने हिम्मत कांग्रेसले अझै देखाउन बाँकी छ ।

जेन-जी आन्दोलनअघि सत्ताको नेतृत्व गरेको नेकपा एमाले यसपटक रक्षात्मक भूमिकामा रहेको देखिन्छ । निर्वाचनमा पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई आफ्नै निर्वाचन क्षेत्र केन्द्रित प्रचारले राष्ट्रिय अभियानलाई प्रभावित बनाएको छ । उनी झापा-५ मा केन्द्रित हुँदा देशव्यापी प्रचार पनि प्रभावकारी बन्न नसकेको सोही पार्टीका नेता, कार्यकर्ताको भनाइ रहेको छ । एमालेले राष्ट्रियताको पक्षमा विगतमा देखाएको अडानले उसलाई केही राहत दिएको छ ।

गणतन्त्र स्थापना अभियानको प्रमुख हिस्सेदारमध्ये एक तत्कालीन माओवादी धारको निरन्तरतामा बनेको तथा दुई दर्जन बढी कम्युनिस्ट घटक र समूह मिलेर बनेको नेपाली कम्युनिस्ट पार्टी यसपटक तुलनात्मकरूपमा सुदृढ, एकताबद्ध र राजनीतिक एजेण्डासहित मैदानमा उत्रिएको देखिन्छ । अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा पार्टीले राष्ट्रिय स्वाधीनता, संविधान रक्षा र कार्यान्वयन, सुशासन र उत्पादन र उत्पादकत्व वृद्धिमार्फत समृद्धिलाई प्रमुख मुद्दा बनाएको छ । विगतमा गठबन्धनका कारण सीमित क्षेत्रमामात्रै उम्मेदवारी दिने गरेको यस दलले यसपटक १६४ स्थानमा एकल उम्मेदवारी दिएको कारण मत बढ्ने र राम्रै नतिजा ल्याउने आत्मविश्वाससहित अगाडि बढेको भएता पनि सबै पुराना दल र नेता उस्तै हुन् भन्ने भाष्य चिर्नु उसका लागि चुनौती बनेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफूलाई नयाँ राजनीतिक विकल्पका रूपमा प्रस्तुत गरेको छ । तर यसअघि संसद् र सरकारमा सहभागिता जनाइसकेको तथ्यले ‘पूर्ण नयाँ’ दाबीमाथि प्रश्न उठेको छ । नेतृत्वमाथि सहकारी ठगीलगायत विभिन्न आरोप, अदालती झमेलाहरू, उम्मेदवार चयनमा चलखेलको चर्चा र केही उम्मेदवारमाथि लागेको आरोपले जनस्तरमा आलोचना निम्त्याएको छ । रास्वपाले सेलिब्रेटी उम्मेदवार र वैकल्पिक छविको प्रयोगमार्फत पार्टीले मतदाता आकर्षित गर्ने प्रयास गरिरहेको छ । दुईतिहाइ बहुमतको आह्वान गर्दै चुनावी दौडमा रहेको रास्वपाको घोषणापत्र हेर्दा स्पष्ट राजनीतिक वैचारिक रूपरेखाभन्दा प्रदेश र जिल्लापिच्छे फरक-फरक विकास योजना प्रस्तुत गरिएको देखिन्छ । जेन-जी मतदातामाझ प्रभाव देखिएको भए पनि ठोस वैचारिक आधार नदेखिँदा दीर्घकालीन स्थायित्वबारे प्रश्न उठिरहेका छन् ।

अन्य साना दल र मधेसवादी दलहरू पनि स्पष्ट राजनीतिक एजेण्डा र नेतृत्वको स्पष्ट भिजनसहित प्रस्तुत नहुनु तथा नव युवाको आकर्षण नदेखिँदा विगतको विरासत गुम्ने चुनौतीमा रहेका छन् । राजतन्त्रको पुनःस्थापनासहितको एजेण्डामा अगाडि आएको राप्रपा अस्तित्व कायम राख्ने दौडमा छ । समग्रमा फागुन २१ को प्रतिनिधिसभा चुनाव पुराना र नयाँ सबै दलहरूका लागि जीवनमरणको निर्णायक मोड बनेको छ । यो निर्वाचन कांग्रेसका लागि नयाँ नेतृत्वलाई स्थायित्व दिने परीक्षा, एमालेका लागि आत्मालोचना र पुनर्संरचनाको चुनौती, नेकपाका लागि वैकल्पिक राजनीतिक शक्ति साबित गर्ने अवसर र रास्वपाका लागि ‘नयाँपन’ प्रमाणित गर्ने कसौटी बनेको छ ।

विसं २०७२ सालमा नयाँ संविधान जारी भएपछि सम्पन्न आवधिक निर्वाचनमा प्रमुख राजनीतिक दलले नै गठबन्धन र तालमेल गर्दै सत्तामा पुगेका थिए । सत्तामा जान सिद्धान्त र विचार नमिल्नेसँग पनि गठबन्धन गरी चुनाव जित्ने वा चुनावलाई आफ्नो पक्षमा बनाउने कार्य यसपटकको निर्वाचनमा नहुने भएको छ । यसले गर्दा दलहरूको वास्तविक हैसियत यसपटकको चुनावमा प्रस्ट देखिने छ । आममतदाताले आफूलाई मन परेको दलको उम्मेदवारलाई भोट हाल्न पाउने छन् । विगतमा मतदाताले आफूले रोजेको र खोजेको पार्टी र उम्मेदवारलाई भोट हाल्न नपाउँदा एक किसिमको असन्तुष्टिको अवस्था थियो । मतदाताले आफ्नो विवेकसहित इच्छाएको पार्टीको उम्मेदवारलाई मत दिन पाउने भएसँगै नयाँ उत्साह थपिएको छ । यसपटकको निर्वाचनमा सबै दलको सांगठनिक शक्ति र जनविश्वास परीक्षण हुने भएकाले आममतदाताको विश्वास जित्न निकै मिहेनत गर्नुपर्ने अवस्था छ ।

यस निर्वाचनले केबल संसद्को अंकगणितमात्र तय गर्ने छैन; नेपाली राजनीतिमा पुस्तान्तरण, वैचारिक स्पष्टता र लोकतान्त्रिक संस्कारको भविष्य पनि निर्धारण गर्ने छ । डर, आशा, आक्रोश र अपेक्षाबीच नेपाली मतदाता अन्ततः कसलाई भरोसा गर्ने भन्ने निर्णयको घडीमा रहेका छन् । यतिबेला मतदाताले विवेक गुमाउनु हुँदैन । हत्या र बिध्वंस पुनः दोहोरिन नदिन र लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न यतिबेला एक मत निर्णायक बन्न सक्छ । त्यसैले मतदाताले पनि एकपटक टक्क अडिएर सोच्न र सही दल र उमेदवारलाई मत दिन अनिवार्य देखिएको छ । यस अर्थमा फागुन २१ को निर्वाचन दलहरूको मात्र होइन, मतदाता र समग्र लोकतान्त्रिक यात्राकै पनि अग्निपरीक्षाको रूपमा लिन सकिन्छ । *रासस*



**न्याउले खेल** | कैलालीको टीकापुर नगरपालिकास्थित खुला मैदानमा होलीको अवसरमा न्याउले (देउडा) खेल्दै महिलाहरू । विभिन्न सांस्कृतिक पर्वको अवसर पारेर सुदूर तथा कर्णाली प्रदेशमा यसैगरी न्याउले खेल्ने चलन छ । *तस्बिरः झलनाथ खनाल/रासस*

# गण्डकीमा निर्वाचन सुरक्षा चुस्त



**गण्डकी–** भोलि बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउन गण्डकी प्रदेशका ११ वटै जिल्लामा सुरक्षा व्यवस्था चुस्त पारिएको छ । प्रदेश निर्वाचन सुरक्षा कमाण्ड पोस्टका संयोजक एवं गण्डकी प्रदेशका प्रमुख सचिव डण्डुराज घिमिरेले निर्वाचन लक्षित सुरक्षा तयारी पूरा भएको बताए ।

'शान्तिपूर्ण वातावरणमा मतदान सम्पन्न गराउन सुरक्षा व्यवस्था चुस्त र प्रभावकारी बनाइएको छ,' उनले भने, 'निर्धक्क भएर मतदानमा सहभागी हुन सबै मतदाताहरूमा आह्वान गर्दछौं ।' सोमबार सबै मतदानस्थलमा सुरक्षाकर्मी पुगिसकेको उनले बताए । मतदानको दिन नजिकिँदै गर्दा सुरक्षाका दृष्टिबाट कुनै कमी हुन नदिन सुरक्षा निकाय लागिपरेको संयोजक घिमिरेले बताए । एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार सुरक्षाकर्मी परिचालन गरिएको उनको भनाइ छ ।

जिल्ला कमाण्ड पोस्टसँगको समन्वयमा मतदानस्थललाई अतिसंवेदनशील, संवेदनशील र सामान्यमा वर्गीकरण गरी सुरक्षा विश्लेषणसहित आवश्यक रणनीति तयार गरिएको उनले बताए । 'गण्डकी प्रदेशमा ठूलो सुरक्षा चुनौती छैन, सुरक्षा विश्लेषण र निगरानीको काम नियमित भइरहेको छ,' संयोजक घिमिरे भने, 'सोमबारदेखि मतदानस्थल केन्द्रित सुरक्षा तयारी सुरु भएको छ ।'

गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरीक्षक तुलबहादुर कार्कीले सोमबार सबै मतदानस्थलमा प्रहरीको सुरक्षा टोली परिचालन भएका जानकारी दिए । एकीकृत निर्वाचन सुरक्षा योजनाअन्तर्गत प्रदेशभर सात हजारभन्दा बढी नेपाल प्रहरी परिचालित भएको उनले उल्लेख गरे ।

'मतदानस्थलमा गर्नुपर्ने सुरक्षाको पूर्वतयारीमा नेपाल प्रहरी जुटेको छ, निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातवारणमा सम्पन्न गराउन नेपाल प्रहरी तयार छ,' प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले भने । उनले निर्वाचनका बेला शंकास्पद गतिविधि गर्ने व्यक्ति र समूहलाई निगरानीमा राखिएको बताए । सुरक्षा व्यवस्था चुस्त पारिएकाले निर्वाचन शान्तिपूर्ण र भयरहित हुनेमा कुनै आशंका गर्नुपर्ने अवस्था नरहेको उनको भनाइ छ ।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्रांगत बरालले मतदानस्थलको अनुगमन र सुरक्षा विश्लेषणका आधारमा सुरक्षा व्यवस्थालाई सुदृढ तुल्याइएको बताए । नेपाली सेना, नेपाल प्रहरी, सशत्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागको जनशक्ति निर्वाचनको सुरक्षामा खटिएको उनको भनाइ छ ।

नेपाली सेना र सशत्र प्रहरी बलले प्रदेशका हरेक निर्वाचन क्षेत्रमा सुरक्षा बेस स्थापना गरी सुरक्षा निगरानी बढाएको छ । प्रदेशभर एक महिनाअघि नै निर्वाचन केन्द्रित सुरक्षा योजना तयार गरी कार्यान्वयनमा ल्याइएको थियो । निर्वाचन सुरक्षालाई दृष्टिगत गरी सुरक्षा निकायले नियमित गस्ती र सुरक्षा निगरानी बढाइरहेका छन् ।

एकीकृत निर्वाचन सुरक्षा योजनाबमोजिम नेपाल प्रहरी मतदानस्थलको भित्री घेराको सुरक्षामा खटिने जनाइएको छ । नेपाली प्रहरीसँगै निर्वाचन प्रहरी पनि पहिलो तहको सुरक्षा घेरामा परिचालित हुने छ । दोस्रो तहको सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र सुरक्षा घेराको बाहिरी तहबाट नेपाली सेनाले सुरक्षा प्रदान गर्ने छ । मतदानको दिन आउन दुई दिन बाँकी रहँदा प्रदेशभर निर्वाचन सुरक्षादेखि अन्य व्यवस्थापकीय काम अन्तिम चरणमा पुगेको जनाइएको छ ।

निर्वाचन सम्पन्न गर्न झण्डै २१ हजार कर्मचारी र स्वयंसेवक परिचालन गरिएको छ । १८ निर्वाचन क्षेत्र रहेको यस प्रदेशमा ३० स्वतन्त्र उम्मेदवारसहित २३४ जना उम्मेदवार चुनावी मैदानमा छन् । प्रदेशभर कूल १८ लाख ७० हजार ६५ मतदाता, एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र रहेका छन् । *रासस*

# कर्णालीका सबै मतदान केन्द्रमा निर्वाचन सामग्रीसहित पुगे कर्मचारी

**कर्णाली–** बिहीबार हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कर्णालीका सबै मतदान केन्द्रमा निर्वाचन सामग्रीसहित कर्मचारी पुगेका छन् ।

कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका सूचना अधिकारी नन्दराम चौलागाईंका अनुसार १० जिल्लाका ९४१ मतदानस्थल र एक हजार १३७ मतदान केन्द्रमा नेपाली सेनासहित सबै तहका सुरक्षाकर्मी र कर्मचारी निर्वाचन सामग्रीसहित मतदान केन्द्रमा पुगेका हुन् । प्रदेशका डोल्पा, हुम्ला र मुगु जिल्लामा हेलिकप्टर र पैदलमार्फत कर्मचारी मतदान केन्द्रमा पुगिसकेको उनले बताए ।

माथिल्लो डोल्पाका २० मतदान केन्द्रमा नेपाली सेनाको हेलिकप्टरको सहयोगमा निर्वाचन कर्मचारीसहित सामग्री पुऱ्याइएको र तीन मतदान केन्द्रमा तीन दिनको पैदलयात्रा गरी कर्मचारीसहित निर्वाचन सामग्री पुगेको जिल्ला प्रशासन कार्यालय डोल्पाकी प्रमुख जिल्ला अधिकारी जुनु हमालले जानकारी दिइन् । उनका अनुसार यहाँ कारागारमा रहेका कैदी र कर्मचारीका लागि दुई अस्थायीसहित ७० मतदान केन्द्र रहेका छन् ।

यस्तै, जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारी खडानन्द खत्रीले एक अस्थायीसहित जिल्लाका ७० वटै मतदान केन्द्रमा सुरक्षाकर्मी तथा निर्वाचन कर्मचारीसहित सामग्री पुगेको बताए । यसैगरी, जिल्ला प्रशासन कार्यालय हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले चारवटा मतदान केन्द्रमा निर्वाचन कर्मचारी र सामग्री हेलिकप्टरमार्फत पुऱ्याइएको बताए । उनका अनुसार हुम्लामा ६० मतदानस्थल तथा एक अस्थायीसहित ६५ मतदान केन्द्र रहेका छन् ।

पाँच लाख २७ हजार ८८६ पुरुष र पाँच लाख नौ हजार ३६१ महिला गरी कर्णाली प्रदेशमा १० लाख ३७ हजार मतदाता रहेका छन् । प्रदेशमा सबैभन्दा बढी मतदाता सुर्खेतमा दुई लाख ४८ हजार ९४३ छन् भने सबैभन्दा कम डोल्पामा २४ हजार ११५ मतदाता रहेका छन् । *रासस*

# सुदूरपश्चिममा निर्वाचनको तयारी पूरा

**सुदूरपश्चिम–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशका जिल्लामा तयारी पूरा भएको छ । प्रदेश निर्वाचन कार्यालय कैलालीका प्रमुख प्रेमराज भट्टले निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको जनाउँदै सोमबारदेखि सबै मतदानस्थलमा खटाइएको बताए ।

उनका अनुसार मतदानस्थलमा पुगेका मतदान अधिकृतको टोलीले सोमबार निर्वाचनसम्बन्धी सूचना टाँस गरेको छ । प्रदेशका नौ जिल्लाका प्रतिनिधिसभाका १६ वटा निर्वाचन क्षेत्रमा १७ लाख १६ हजार ६६० मतदाता रहेका भट्टले जानकारी दिए । उनका अनुसार प्रदेशभरि एक हजार १७६ मतदानस्थल र दुई हजार १९९ मतदान केन्द्रको व्यवस्था गरिएको छ ।

## निर्वाचन सामग्रीसहित कर्मचारी मतदान केन्द्रमा

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि कञ्चनपुरमा निर्वाचन सामग्रीसहित मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक



कर्मचारी तथा सुरक्षाकर्मी सम्बन्धित मतदान केन्द्रमा पुगेका छन् । जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा खटिएका कर्मचारीले निर्वाचन अधिकृतको कार्यालयबाट मतपत्र, मतपेटिका, छाप, मतदाता नामावलीलगायत आवश्यक सामग्री बुझेर आ-आफ्नो मतदान केन्द्रमा पुगेका हुन् ।

मतदान केन्द्रमा पुगेपछि कर्मचारीहरूले केन्द्र व्यवस्थापन, मतदानकक्ष तयारी, मतदाता सहायता डेस्क स्थापना तथा सुरक्षा समन्वयको कार्य अघि बढाएका छन् । जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी हरिशचन्द्र जोशीका अनुसार सबै मतदान केन्द्रमा आवश्यक सामग्री सुरक्षितरूपमा पुऱ्याइएको छ भने मतदान प्रक्रिया शान्तिपूर्ण र व्यवस्थित बनाउन आवश्यक तयारी पूरा भएको छ ।

निर्वाचन लक्षित सुरक्षा योजनाअनुरूप नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना र राष्ट्रिय अनुसन्धान विभागका सुरक्षाकर्मी मतदान केन्द्रमा खटिएका छन् भने संयुक्त तथा एकल गस्तीसमेत सञ्चालनमा ल्याइएको छ । *रासस*

# घाँसेमैदान व्यवस्थापन गर्न नियन्त्रित डढेलो

**चितवन (प्रस)–** चितवन राष्ट्रिय निकुञ्जभित्र घाँसे मैदान व्यवस्थापन गर्न नियन्त्रित डढेलो लगाउन सुरु गरिएको छ। वर्षायाममा घाँसे मैदानमा बढेका ढड्डी घाँस, अतिक्रमित झार फैलिन नदिई नियन्त्रित डढेलो लगाउन सुरु गरिएको हो ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार निकुञ्जका घाँसे मैदानमा प्रत्येक वर्ष नियन्त्रित डढेलो लगाउने गरिन्छ । हाल भिम्ले, सुखिभार र कसरा क्षेत्रमा नियन्त्रित डढेलो लगाउन सुरु गरिएको उनले जानकारी दिए । क्रमशः अन्य क्षेत्रहरूमा नियन्त्रित डढेलो लगाइने छ ।

उक्त कार्यका लागि निकुञ्जका ३० जना कर्मचारी खटिएका छन् । सूचना अधिारी मगरले भने, 'नियन्त्रित डढेलो लगाएपछि ठूलो डढेलोको सम्भावना टर्छ ।' यसले वन र वन्यजन्तुमा ठूलो असर नपर्ने र घाँसे मैदान व्यवस्थापनमा सहयोग पुग्ने उनले बताए । नियन्त्रित डढेलो लगाउन निकुञ्जका घाँसे मैदानमा एक महिना लाग्ने उनले जानकारी दिए । घाँसे मैदानलाई खण्ड खण्ड बनाएर डढेलो लगाइन्छ ।

# जुम्लामा ९२५ जना अस्थायी मतदाता

**जुम्ला (प्रस)–** यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हिमाली जिल्ला जुम्लामा ९२५ जना अस्थायी मतदाताको संख्या रहेको छ ।

जिल्ला अस्थायी मतदाताका यहाँका दुई वटा अस्थायी मतदान केन्द्र कायम गरिएको जिल्ला निर्वाचन कार्यालय जुम्लाका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलले जानकारी दिए । जिल्लामा रहेका सरकारी कर्मचारी तथा कारागारका कैदीबन्दी, सुरक्षा निकायलगायत ९२५ जनाले अस्थायी मतदाताअन्तर्गत प्रतिनिधिसभाको समानुपातिकतर्फको मतदान गर्न पाउने निर्वाचन अधिकारी कँडेलको भनाइ छ ।

निर्वाचनका लागि मतदान केन्द्रमा खटिएका कर्मचारीले आफू खटिएको ठाउँमा नै मतदान गर्न पाउने व्यवस्था गरेको छ । अन्य मतदाताको हकमा भने सदरमुकाम खलंगाबजारमा रहेको खाद्य तथा व्यापार कम्पनीको शाखा कार्यालय जुम्लाको प्रांगणमा र जिल्ला कारागार कार्यालयमा अस्थायी मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालय जुम्ला निर्वाचन अधिकारी कँडेलले बताए । निर्वाचनका लागि जिल्लामा कूल मतदाता संख्या पुरुष र महिला गरी जम्मा ७१ हजार ७३९ जना रहेका छन् । ६५४ जना कर्मचारी निर्वाचनका लागि परिचालन भएका छन् ।

जिल्लाभर ११० मतदान केन्द्र र ८५ वटा मतदानस्थल कायम गरिएको निर्वाचन कार्यालय जुम्लाले जनाएको छ । जिल्लाको एकमात्र निर्वाचन क्षेत्र रहेकामा नौ वटा राजनीतिक दल र एक स्वतन्त्र उम्मेदवार गरी १० जना उम्मेदवारले निर्वाचनमा माग लिएका छन् ।

# कालीकोटका सबै मतदान केन्द्रमा निर्वाचन सामग्री पुऱ्याइयो

**कालीकोट (प्रस)–** कालीकोट जिल्लाका १२८ वटै मतदान केन्द्रमा निर्वाचन सामग्री पुऱ्याइएको छ । प्रमुख निर्वाचन अधिकृतको कार्यालयले सबै मतदान केन्द्रमा मतदान सामग्री पुऱ्याइएको सहायक निर्वाचन अधिकृत सुनिलकुमार खाँणले जानकारी दिए ।

जिल्लामा १२७ स्थायी र एक अस्थायी मतदान केन्द्र गरेर १२८ केन्द्र रहेका छन् । 'जिल्लाका दुर्गम तथा हिमाली क्षेत्रका मतदान केन्द्रसम्म मतपेटिका, मतपत्र, छाप, मतदाता नामावली, गोप्य कक्ष निर्माण सामग्रीलगायतका अत्यावश्यक सामान ढुवानी गरि सकिएको छ,' सहायक निर्वाचन अधिकृत खाँणले भने । नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र निर्वाचन प्रहरी परिचालन गरी मतदान केन्द्रको सुरक्षा सुनिश्चित गरिएको उनले बताए ।

# भुल्केगाउँका स्थानीयको पानीको समस्या अन्त्य

**भोजपुर–** रामप्रसादराई गाउँपालिका-३ भुल्केमा लामो समयदेखि रहँदै आएको खानेपानीको समस्या अन्त्य भएको छ । पुस्तौंदेखि पिउने पानीको अभाव झेल्दै आएका यहाँका स्थानीय अहिले प्रत्येक घरमा धारा जडान भएपछि राहत महसुस गरिरहेका छन् ।

गाउँका ४६८ घरमा 'एक घर, एक धारा' अभियानमार्फत पिउने पानी वितरण गरिएपछि स्थानीय बासिन्दा उत्साहित भएका छन् । घरघरमा धारा पुगेसँगै घण्टौंसम्म पानी बोकेर ल्याउनुपर्ने बाध्यता हटेको छ । स्थानीय कल्पना भट्टराईका अनुसार घरमै धारा जडान भएपछि वर्षौंदेखिको समस्या समाधान भएको छ । पहिले घरमा धारा नहुँदा निकै सास्ती थियो, टाढाबाट बोकेर पानी ल्याउनुपर्थ्यो । अहिले घरमै पानी आउँदा धेरै सहज भएको छ ।

अर्की स्थानीय सरस्वती भट्टराईले पनि विगत सम्झिँदै भनिन्, 'घरभन्दा परका तीनवटा धाराबाट डोको बोकेर पानी ल्याउनुपर्थ्यो, अहिले आँगनमै धारा जडान भएपछि सरसफाइमा सहज भएको छ । खेर जाने पानी करेसाबारीमा प्रयोग गरिरहेका छौं ।'

वडाध्यक्ष रामु थापामगरका अनुसार



वडाभरिका सबै ४६८ घरमा धारा जडान सम्पन्न गरिएको छ । एक घर, एक धारा अभियान सफल भएको छ । अब स्थानीयले वर्षौंदेखिको पानीको समस्या भोग्नुपर्दैन । धारा जडानसँगै स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिँदै वडाले 'एक घर, एक फिल्टर' अभियान पनि सञ्चालन गरेको जनाएको छ । पानीजन्य रोगबाट बच्न प्रत्येक घरमा पानी फिल्टरसमेत वितरण गरिएको छ । *रासस*

## 'तुम्बाड २'मा नवाजुद्दीन सिद्दीकीको इन्ट्री

फिल्म 'तुम्बाड' को सिक्वेल 'तुम्बाड २' मा अभिनेता नवाजुद्दीन सिद्दीकीको इन्ट्री भएको छ। फिल्मका निर्माता तथा अभिनेता सोहम शाहले सामाजिक सञ्जालमार्फत बलिउडका दिग्गज अभिनेता नवाजुद्दीन सिद्दीकी 'तुम्बाड २' को हिस्सा बन्ने जानकारी दिए। शाहले इन्स्टाग्राममा पोस्ट साझा गर्दै नवाजुद्दीन यस प्रोजेक्टमा जोडिनु फिल्मको लागि ठूलो उपलब्धि भएको बताएका छन्। आफ्नो उत्कृष्ट अभिनयका लागि चिनिने सिद्दीकीले सिक्वेलमा निकै महत्वपूर्ण र चुनौतीपूर्ण भूमिका निभाउनेछन्। फिल्ममा जोडिएपछि सिद्दीकीले खुसी व्यक्त गरेका छन्।





बक्स अफिसमा ३ फिल्म :

# कुमारी, रमिताको पिरती र बिगुलले कति कमाए ?




■ प्रभाव संवाददाता

**काठमाडौं–** तीन फिल्म 'कुमारी', 'रमिताको पिरती' र 'बिगुल' को बक्स अफिस रिपोर्ट सार्वजनिक भएको छ। चलचित्र विकास बोर्डले शनिबार राती १२ बजेसम्मको बक्स अफिस रिपोर्ट सार्वजनिक गरेको हो।

तीनमध्ये दिनेश राउत निर्देशित फिल्म 'कुमारी' ले बक्स अफिसमा अन्यको तुलनामा बढी कमाई गरेको देखिएको छ। गत माघ २३ गतेबाट देशभर प्रदर्शनमा आएको फिल्म 'कुमारी' ले हालसम्म कुल ६४ लाख ४६ हजार १२६ रूपैयाँ ग्रस कलेक्सन गरेको छ। युवा-युवतीको प्रेम कथामा आधारित यस फिल्मको यो अवधिमा १९ हजार ९ सय ५९ वटा टिकट बिक्री भएको छ।

फिल्ममा अभिषेक खड्का, आकृति राजभण्डारी, घनश्याम जोशी, सुनिता श्रेष्ठ र आकाङ्क्षा कार्कीको मुख्य अभिनय छ। फिल्मका कार्यकारी निर्माता केदार भुसाल र निर्माता महेन्द्र अधिकारी हुन्।

त्यस्तै, 'कुमारी' सँगै माघ २३ गतेबाटै प्रदर्शनमा आएको अर्को फिल्म 'रमिताको पिरती' ले २८ लाख ६८ हजार १४३ रूपैयाँ ग्रस कलेक्सन गरेको छ। ८ हजार ७ सय ३७ जना दर्शकले हलमा पुगेर यो फिल्म हेरेका छन्। सुदिप्ता अधिकारीको लेखन तथा निर्देशनमा तयार भएको फिल्ममा आना शर्मा र विनय श्रेष्ठको मुख्य भूमिका छ।

एक युवतीको प्रेम भावनालाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको भनिएको यस फिल्ममा समीर श्रेष्ठ, गियाना, गौमाया गुरुङ, पशुपति राई लगायतको अभिनय छ। सागर लम्सालको लगानी रहेको यस फिल्मका कार्यकारी निर्माता आना शर्मा र सन्तोष लम्साल हुन्। फागुन १ गतेबाट प्रदर्शनमा आएको फिल्म 'बिगुल' ले भने अपेक्षा अनुसारको व्यापार गर्न सकेन। फिल्मले ९ लाख २८ हजार ८६० रूपैयाँ ग्रस कलेक्सन गर्दा २ हजार ७ सय २२ वटा टिकट बिक्री भएको छ। फिल्म प्रदर्शनको केही दिनमै निर्माता तथा कांग्रेस नेता दिनेश कोइरालाले चुनावको कारण देखाउँदै प्रदर्शन स्थगित गरेका थिए।

देशको वर्तमान राजनीतिक अवस्था र जनभावना समेटिएको भनिएको यस फिल्मलाई रमेश कोइरालाले निर्देशन गरेका हुन्। बेनिशा हमाल, नरेन खड्का, नीर शाह, रमेश बुढाथोकी जस्ता स्थापित कलाकार र नवअभिनेत्री मिरा पण्डितको यसमा मुख्य अभिनय छ।

# 'लालिमा'का दुई नायिकाको फरक अनुभव

■ प्रभाव संवाददाता





**काठमाडौं–** फागुन २९ मा प्रदर्शनमा आउने 'लालिमा'मा अभिनय गरेका दुई नायिका रोश्नी कार्की र उषा रजकले विगतका फिल्ममाभन्दा यसमा काम गर्दाको फरक अनुभव सेयर गरेका छन्।

लालिमा'मा नायिका रोश्नी कार्की 'ले पहिलो पटक शीर्ष भूमिका निर्वाह गरेकी छन्। यो नै उनको करिअरको एक विशेष फरक अनुभव हो। त्यसमाथि उनको पात्रको नामबाटै फिल्मको शीर्ष राखिएको छ।

शीर्ष भूमिकाको प्रस्तवलाई आफूले अवसर र चुनौती दुवै कोणबाट ग्रहण गरेको रोश्नीले सेयर गरिन्।

उनी भन्छिन्, 'मलाई शीर्ष भूमिकाको प्रस्ताव आउँदा चुनौती महसुस भएको थियो। फिल्म नै आफ्नो काँधमा लिएर हिड्न सक्छु कि सक्दिनँ भन्ने डर पनि लागेको थियो।' यस फिल्मको पात्र 'लालिमा' निर्माणका लागि पनि आफूले व्यक्तिगतरूपमा नौलो अभ्यास गरेको उनले बताइन्।

उनी भन्छिन्, 'यो फिल्ममा मैले यौनकर्मीको भूमिका निर्वाह गरेको छु। यौनकर्मीहरू मैले कहिल्यै देखेको पनि थिइनँ, न निगरानी नै गरेको थिएँ। यही कारण मैले पात्र निर्माणका लागि यौनकर्मीहरूसँग भेट्नुपर्‍यो। यो मेरो फरक अनुभव हो।'

नायिका उषा रजक यो फिल्ममा 'आमा'को भूमिकामा छिन्। यो पात्रको शारीरिक विशेषता फरक क्षमता (बोल्न नसक्ने) छ। 'लालिमा'मा जस्तै फरक क्षमताको पात्र उनले पहिल्यै निर्वाह गरेको थिइन्। तर, उनले आफ्नो दुई दशकभन्दा लामो अभिनय करिअरमा लिएको पहिलो निर्णय हो- आमाको भूमिकामा निर्वाह गर्ने।

प्रायः बोल्ड एन्ड ब्युटी नायिकाको भूमिकामा देखिने उनी यस पटक आमाको क्यारेक्टर भूमिकामा देखिएकी छन्।

यसबारे उषा भन्छिन्, 'मलाई सामाजिक सञ्जालमा 'अब तपाईंको उमेरअनुसारको क्यारेक्टर गर्नुस्' भनेर प्रतिक्रिया आएको थियो। दर्शकको त्यही प्रतिक्रिया वा सुझावलाई मनन गरेर म आमाको भूमिकामा देखिएकी हुँ।'

लालिमामा यी दुई नायिकासँगै नायक जीवन भट्टराई हुन्। उनीहरूसहित फिल्ममा सुष्मा निरौला, घनश्याम जोशी, सबिन कट्टेल र शिशिर वाङ्देल मुख्य भूमिकामा छन्। रोशन मिराजको लेखन र निर्देशनमा बनेको यस फिल्मको ट्रेलर अहिले युट्युबको ट्रेन्डिङ नम्बर ४ मा छ।

फेथ आस्थाको प्रस्तुतिमा बनेको यस फिल्मकी कार्यकारी निर्माता रीना लामा हुन्। नेसनल सिने ग्रुप नेपालले यो फिल्म वितरण गर्दैछ।

# 'आबाट आमा' बन्यो २०८२ सालमा दोस्रो धेरै कमाउने नेपाली फिल्म

■ प्रभाव संवाददाता

**काठमाडौं–** चन्द्र पन्त निर्देशित 'आबाट आमा' २०८२ सालमा दोस्रो धेरै कमाउने नेपाली फिल्म बनेको छ। मंगलबार मध्यान्हसम्म यो फिल्मको कुल ग्रस कलेक्सन १२ करोड ३९ लाख ८९ हजार २३ रूपैयाँ छ।

सोही अवधिसम्म यसका ४ लाख ६९ हजार ४१४ टिकट बिक्री भएका छन्। यो फिल्मले अनमोल केसी स्टारर 'जेरी अन टप' को कमाइ (१२ करोड २६ लाख ६ हजार २४० नेरु ग्रस) लाई समेत उछिनेको छ।

यति हुँदा पनि, 'आबाट आमा' अभिनेता पल शाहको करिअरमा धेरै कमाउने फिल्म चाहिँ बनिसकेको छैन। उनको अघिल्लो फिल्म 'शत्रु गते' ले १२ करोड ६५ लाख ८२ हजार १३५ रूपैयाँ ग्रस कमाएको थियो।

मल्टिस्टारर फिल्म आबाट आमामा विपना थापा, प्रदीप रावत, सिम्रन पन्त, उषा उप्रेती, साइग्रेस पोखरेलको पनि अभिनय थियो। निर्माताले यो फिल्मको दोस्रो श्रृंखला निर्माणको घोषणा गरिसकेका छन्।

२०८२ सालमा सर्वाधिक कमाउने नेपाली फिल्म चाहिँ 'परान' हो जसले १७ करोड ८४ लाख ४७ हजार ५७६ नेरु ग्रस कमाएको थियो। अर्को फिल्म 'ऊनको स्विटर' ले १० करोडको आँकडा पार गरेको छ।



साफ यू-२० च्याम्पियनसिप

# धर्वेन्द्रको कप्तानीमा नेपालको टिम घोषणा

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले धर्वेन्द्र कुँवरको कप्तानीमा साफ यु-२० च्याम्पियनसिप खेल्ने भएको छ। धर्वेन्द्र जावलाखेल युथ क्लबको एकेडेमीका उत्पादन हुन्। अखिल नेपाल फुटबल संघ (एन्फा)ले मंगलबार उनको कप्तानीमा माल्दिभ्सको माले जाने अन्तिम टोली घोषणा गरेको हो।

धर्वेन्द्रले गत वर्ष भारतमा भएको साफ यु-१९ च्याम्पियनसिप पनि खेलेका थिए।

उक्त टोलीमा रहेका गोलकिपर भक्तबहादुर परियारसहित विजयी उराउ, विज्ञान खड्का, पवन पाख्रिन, प्रशान्त मोक्तालगायतका खेलाडी दोहोरिएका छन्।

प्रतियोगिता २३ मार्चदेखि ४ अप्रिलसम्म हुने तय छ। नेपाल समूह 'ए'मा छ। यो समूहमा आयोजक माल्दिभ्ससँगै नेपाल, भुटान र श्रीलंका छन्।

अर्को समूहमा बंगलादेश, भारत र पाकिस्तान छन्। नेपालले २३ मार्चमा भुटानसँग खेल्दै प्रतियोगिताको सुरुआत गर्नेछ। २५ मार्चमा श्रील्का र २७ मार्चमा माल्दिभ्ससँग खेल्दै समूह चरणको खेल समाप्त गर्नेछ। नेपाल साबिक उपविजेता हो। २०२४ मा नेपालमै भएको प्रतियोगिताको फाइनलमा बंगलादेशले ४-१ ले पराजित गरेको थियो। सोही टिम सम्हालेका उर्जन श्रेष्ठले यसपल्ट मुख्य प्रशिक्षकको जिम्मेवारी पाएका छन्।



### नेपाली टिम

अलिक श्रेष्ठ, अनुभ पुरी, भक्तबहादुर परियार, विजया उराउ, विज्ञान खड्का, विनायक थारु, धर्वेन्द्र कुँवर (कप्तान), गणेश पुलामी मगर, झोन विष्ट, निशानराज लावती, पवन पाख्रिन, पेमा नोर्बु भोटे, प्रशान्त मोक्तान, प्रसून तामाङ, रन्जित लामा, रोहन मोक्तान, रोशन तामाङ, सबिनकुमार लुङ्गेली मगर, सबिन राई, सिद्धान्त खड्का, सुवास बम, सुजन बस्नेत, सुजन डांगोल

एएफसी महिला एसियाली कप

# डेब्यु खेलमै बंगलादेश पराजित

**काठमाडौं (प्रस)–** बंगलादेश एएफसी महिला एसियाली कपको डेब्यु खेलमै पराजित भएको छ।

समूह चरणअन्तर्गत मंगलबार वेस्टर्न सिड्नीमा सम्पन्न खेलमा डिफेन्डिङ च्याम्पियन चीनसँग २-० ले पराजय बेहोरेको हो। दुबै गोल पहिलो हाफको अन्त्यतिर भएका थिए। चीनसँग बंगलादेशले रक्षात्मक खेल खेलेको थियो। त्यसैले धेरै अवसर सिर्जना गर्न सकेन।

पहिलो हाफमा अधिकांश समय बल चीनको नियन्त्रणमा रह्यो। तर, पिटर बटलरको टोलीले आफ्नै क्षेत्रमा राम्रोसँग खेल्यो र गोल भने पहिलो हाफको अन्त्यसम्म बचाए। यद्यपि, खेल सकिन केही समय बाँकी छँदा मात्र दुई गोल खाएर बंगलादेश पराजित भयो।



४४औं मिनेटमा वाङ सुयाङले बक्स बाहिरबाट प्रहार गरेको बल गोलमा परिणत भयो। त्यसको दुई मिनेटपछि चीनकी मिडफिल्डर झाङ रुईको शट बंगलादेशकी डिफेन्डर ओहाती किस्कुरको खुट्टामा लागेर गोल भयो। खेलको अन्त्यमा चीनले अझ एक गोल गर्ने अवसर पाएको थियो। तर, त्यो अवसर गुमायो।

दोस्रो हाफमा चीनले आक्रमण जारी राख्यो तर गोल गर्न सकेन। बंगलादेशको अर्को खेल शुक्रबार उत्तर कोरियासँग खेल्नेछ।

# काठमाडौंलाई त्रिकोणात्मक सिरिजको उपाधि

**काठमाडौं (प्रस)–** काठमाडौं जिल्ला त्रिकोणात्मक सिरिजको उपाधी घरेलु टोलीले जितेको छ।

लिगको अन्तिम ललितपुरलाई ९१ रनले हराउँदै काठमाडौंले सिरिज जितेको हो।

मंगलबार तल्लो मुलपानी मैदानमा काठमाडौंले पहिले ब्याटिङ गर्दै ३९ ओभरमा सबै विकेट गुमाएर १८५ बनाएको थियो। काठमाडौंका लागि प्लेयर अफ दि म्याच सोनु देवकोटाले नटआउट ६२ बनाए। उनले ४५ बलमा ५ चौका र ५ छक्का प्रहार गरेका थिए। यस्तै ओपनर रित गौतमले ६६ बलमा ६० रनबनाउँदै आउट भए।

जवाफी ब्याटिङ ललितपुर २२ दशमलब ५ ओभरमा ९४ मा अलआउट भयो। ललितपुरका लागि आदिल खानले सर्वाधिक २३ रन जोडे। जोय थापाले १३ रन बनाउँनु बाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउँन सकेनन्।

बलिङमा काठमाडौंका सन्दीप पराजुली, सुमन विश्वकर्मा, दयानन्द मण्डल र धिरज देउवाले समान २ विकेट लिए।

काठमाडौं जिल्ला क्रिकेट संघले उपत्यकाका तीन टोलीबीच आयोजना गरेको सिरिजको लिग चरणमा तीनै टोलीले समान १ खेल जितेका थिए। समान अंक भए पनि रनरेटको आधारमा शीर्ष स्थानमा रहेको काठमाडौं विजेता बनेको हो।

तीन जिल्लाको सहभागीता रहेको सिरिज शनिबारबाट सुरु भएको थियो।



भारतको कोलकातामा रङहरूको पर्वको रूपमा चिनिने हिन्दू वसन्त पर्व होलीका अवसरमा गुलाल (रंगीन धुलो) दलेर उत्सव मनाउँदै ।

*तस्बिरः एएफपी*

# मध्यपूर्व युद्धः नागरिकमाथि बढ्दो मारप्रति संयुक्त राष्ट्रसंघ स्तब्ध



**जेनेभा–** मध्यपूर्वमा तीव्र बन्दै गएको युद्धका कारण सर्वसाधारणमाथि परेको गम्भीर मानवीय असरप्रति संयुक्त राष्ट्रसंघले गहिरो चिन्ता व्यक्त गरेको छ । संयुक्त राष्ट्रसंघका मानवअधिकार उच्चायुक्त भोल्कर टर्कले मंगलबार जारी सन्देशमार्फत क्षेत्रभरि फैलिएको डर, आतंक र अनिश्चितताले लाखौं मानिसको जीवन असुरक्षित बनाएको बताए ।

जेनेभामा आयोजित पत्रकार सम्मेलनमा उनकी प्रवक्ता रविना शामदासानीले उच्चायुक्त टर्क 'गहिरो स्तब्ध' भएको जानकारी दिइन् । उनले मध्यपूर्वमात्र नभई बाहिरका देशहरूमासमेत यस द्वन्द्वले सिर्जना गरेको मानसिक त्रास र अस्थिरता स्पष्ट देखिएको उल्लेख गरिन् । 'लाखौं मानिसले भोगिरहेको डर, आतंक र चिन्ता स्पष्ट छ- र यो अवस्था पूर्णरूपमा टार्न सकिने थियो,' उनले भनिन् ।

शामदासानीका अनुसार गत शनिबार इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण गरेपछि स्थिति झन् जटिल बनेको छ । त्यसको प्रतिक्रियास्वरूप इरानले क्षेत्रका विभिन्न राज्यविरुद्ध कदम चालेको र हिजबुल्लाहसमेत द्वन्द्वमा प्रवेश गरेको घटनाले नागरिक तथा नागरिक पूर्वाधारमाथि व्यापक प्रभाव पारेको उनले बताए । 'स्थिति प्रत्येक घण्टासँगै बिग्रँदै र फराकिलो बन्दै गएको छ, जसले हाम्रो सबैभन्दा खराब आशंकालाई सतहमा ल्याइरहेको छ,' उनले स्पष्ट गरे ।

उच्चायुक्त टर्कले युद्धसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको स्मरण गराउँदै नागरिक र नागरिक वस्तुहरू सुरक्षित राखिनुपर्ने दायित्व सबै पक्षको भएको दोहोर्‍याए । सबै राज्य तथा सशस्त्र समूहहरूले कानुनी दायित्वको पूर्णपालना गर्नुपर्ने उनको आग्रह छ ।

उनले सबै पक्षलाई अधिकतम संयम अपनाउन, थप सैन्य विस्तार रोक्न र नागरिक तथा महत्त्वपूर्ण पूर्वाधारको संरक्षणका लागि सम्भव सबै उपाय अवलम्बन गर्न आह्वान गरे । बढ्दो हिंसा र प्रतिशोधको चक्रले क्षेत्रीय स्थायित्वलाई मात्र नभई, मानवीय अवस्थालाई पनि झन् भयावह बनाउने चेतावनी उनले दिए ।

'वार्ताको टेबलमा फर्कनु नै हत्या, विनाश र निराशाको अन्त्य गर्ने एकमात्र उपाय हो,' शामदासानीले उच्चायुक्तको भनाइ उद्धृत गर्दै भने, 'उच्चायुक्तले सबै पक्षलाई होसमा आउन र यो हिंसा अन्त्य गर्न आग्रह गर्नुभएको छ ।' *रासस/एएफपी*

# इरानी 'आणविक प्रतिष्ठानमा आक्रमण भएको कुनै संकेत छैन' : *आइएइए*

**भियना–** अन्तर्राष्ट्रिय आणविक ऊर्जा निकाय (आइएइए) उनको एजेन्सीले इरानमा अमेरिका र इजरायलको आक्रमणपछि कुनै पनि आणविक प्रतिष्ठानमा क्षति पुगेको वा क्षति भएको 'कुनै संकेत नभेटिएको' संयुक्त राष्ट्रसंघको आणविक निगरानी संस्थाका प्रमुखले सोमबार जानकारी गराएका छन् ।

आइएइएका लागि इरानी प्रतिनिधि रेजा नाजाफीले प्रमुख आणविक स्थल नाताञ्जमा आक्रमण भएको बताएका थिए । इरानसम्बन्धी निकायको 'बोर्ड अफ गभर्नर'को असाधारण सत्रको उद्घाटन गर्दै आइएइएका प्रमुख राफेल ग्रोसीले सबै पक्षहरूलाई तनाव बढ्नबाट बच्न अधिकतम् संयम अपनाउन आग्रह गरे ।

'इरानमा आणविक प्रतिष्ठानहरूको स्थितिको बारेमा, अहिलेसम्म हामीसँग बुशहर आणविक ऊर्जा संयन्त्र, तेहरान रिसर्च रिएक्टर वा अन्य आणविक इन्धन चक्र सुविधाहरूसहित कुनै पनि परमाणु प्रतिष्ठानहरू क्षतिग्रस्त भएको वा प्रभावित भएको कुनै संकेत भेटिएको छैन,' उनले भने ।

आइएइएले इरानी आणविक नियामक अधिकारीहरूसँग सम्पर्क गर्ने प्रयास गरिरहेको उसले जारी गरेको आफ्नो विज्ञप्तिमा ग्रोसीले भने । 'हामी आशा गर्दछौं कि सञ्चारको यो अपरिहार्य मार्ग सकेसम्म चाँडो पुनः स्थापित हुनेछ,' उनले थपे ।

नाताञ्ज आणविकस्थलमा आक्रमण भएको दाबी गर्दै अमेरिकाले इरानमाथि परमाणु बम बनाउन खोजेको आरोप 'आक्रमण र आक्रमणको बहाना' भएको उनले बताएका छन् । उनले एएफपीसँग भने, 'इरानको आणविक ऊर्जा संगठनका प्रमुखले हिजो महानिर्देशकलाई पत्र पठाएर नाताञ्ज आणविक केन्द्रमा आक्रमण भएको जानकारी गराएका थिए । ग्रोसीले सोमबार राति एक पत्रकार सम्मेलनमा 'उहाँ बोर्डमा आफ्नो भनाइमा अडिग भएको' बताए ।

'हामीले उनीहरूको सुविधाहरूलाई लक्षित गरी ठूलो सैन्य गतिविधि भएको देखेका छैनौं । हामीले विभिन्न स्याटेलाइट तस्बिर हेरिरहेका छौं । त्यहाँ केही हुन सक्छ, तर हामीले अघिल्लोपटक देखेको भन्दा कुनै पनि हिसाबले महत्त्वपूर्ण वा तुलनात्मक भिन्नता छैन,' उनले भने ।

गत वर्ष जुन महिनामा भएको १२ दिने युद्धमा इजरायल र अमेरिकाले नाताञ्जलगायत इरानका प्रमुख आणविक केन्द्रहरूमा आक्रमण गरेका थिए, जहाँ त्यसयता आइएइएका निरीक्षकहरूलाई भ्रमण गर्न अनुमति दिइएको छैन । 'अहिले इरानमा कुनै पनि यस निकायका निरीक्षकहरू छैनन्', ग्रोसीले भने, 'आक्रमण सुरु भएदेखि इरानसँग 'धेरै सीमित' कुराकानी भएको छ ।'

## धेरै चिन्ताजनक

ग्रोसीले आफ्नो प्रारम्भिक वक्तव्यमा इरानमाथि आक्रमण र त्यसको जवाफी क्षेप्यास्त्र आक्रमणपछि मध्यपूर्वको अवस्था 'धेरै चिन्ताजनक' भएको बताएका थिए ।

उनले भने, 'सैन्य आक्रमणमा परेका इरान र यस क्षेत्रका अन्य धेरै देशसँग आणविक ऊर्जा प्लान्टहरू र आणविक अनुसन्धान रिएक्टरहरू र सम्बन्धित इन्धन भण्डारण स्थलहरू छन्, जसले आणविक सुरक्षामा खतरा बढाएको छ । ग्रोसीले कूटनीतिक वार्ता 'जतिसक्दो चाँडो' पुनः सुरु गर्न आह्वान गरेका थिए ।

गत महिना जेनेभामा भएको इरान र संयुक्त राज्य अमेरिकाबीच इरानको आणविक कार्यक्रमबारे भएको दुई चरणको वार्तामा ग्रोसी सहभागी भएका थिए । उनले भने, 'यसपटक दलहरूबीच समझदारी हुन सकेन । म निश्चित छु कि हामी स्पष्टरूपमा व्यापक निराशाको भावना महसुस गरिरहेका छौं ।'

यो असाधारण बैठक ३५ देशहरूको प्रतिनिधित्व गर्ने आइएइएको बोर्ड अफ गभर्नरको पहिले नै निर्धारित नियमित सत्रभन्दा पहिले भएको थियो । तेहरानको प्रमुख सहयोगी रुसको अनुरोधमा भियनास्थित उक्त निकायको असाधारण बैठक बोलाइएको थियो ।

संयुक्त राज्य अमेरिकाको नेतृत्वमा पश्चिमा देशहरू र इरानको कट्टर सत्रु इजरायलले इस्लामिक गणतन्त्रले आणविक हतियार प्राप्त गर्न खोजेको आरोप लगाउने गरेका छन् । तेहरानले त्यस्ता सैन्य महत्त्वाकांक्षाहरू अस्वीकार गर्दछ तर नागरिक उद्देश्यका लागि इरानले प्रविधिमा आफ्नो अधिकारमा जोड दिन्छ । *रासस/एएफपी*

पाकिस्तान-अफगान युद्ध

# ६७ अफगानी सुरक्षाकर्मी मारिएको पाकिस्तानको दाबी



**इस्लामाबाद–** पाकिस्तानले अफगानिस्तानसँगको जारी सीमापार युद्ध पाँचौं दिनमा प्रवेश गरेको अवस्थामा ६७ अफगानी सुरक्षाकर्मी मारिएको दाबी गरेको छ । दक्षिणपश्चिम र उत्तरपश्चिम सीमाक्षेत्रमा मंगलबार बिहानदेखि तीव्र झडप भएको जनाउँदै इस्लामाबादले एक पाकिस्तानी सैनिकको पनि ज्यान गएको पुष्टि गरेको छ ।

पाकिस्तानका सूचनामन्त्री अत्ताउल्लाह तरारले अफगान सीमामा भएका 'धेरै आक्रमणलाई सफलतापूर्वक विफल पारिएको' बताए । उनका अनुसार अफगान स्थल सेनाले बलुचिस्तान प्रान्तका किल्ला सैफुल्ला, नुस्की र चमन जिल्लामा रहेका १६ स्थानमा भूमि आक्रमण गरेको थियो । त्यसको प्रत्युत्तरमा पाकिस्तानी सेनाले २७ अफगान सैनिक मारिएको दाबी गरेको उनले सामाजिक सञ्जाल एक्समार्फत जानकारी दिए ।

उनका अनुसार उत्तरपश्चिमी खैबर पख्तुनख्वाको सीमावर्ती क्षेत्रमा पनि अफगान सेनाले २५ स्थानमा आक्रमण गरेको थियो । ती क्षेत्रमा भएको झडपमा ४० अफगान सुरक्षा बलका सदस्य मारिएको दाबी पाकिस्तानले गरेको छ । यसरी दुवै मोर्चामा गरी ६७ अफगान सुरक्षाकर्मी मारिएको इस्लामाबादको भनाइ छ ।

यी दाबीबारे काबुलबाट तत्काल कुनै आधिकारिक प्रतिक्रिया आएको छैन । तर, दुवै देशले विगत बिहीबारदेखि एकअर्कालाई भारी क्षति पुर्‍याएको दाबी गर्दै आएका छन् । अफगानिस्तानले अघिल्लो आइतबार भएको पाकिस्तानी हवाई आक्रमणको प्रतिशोधस्वरूप आक्रमण सुरु गरेको जनाएको थियो । त्यसयता पाकिस्तानले सीमाक्षेत्रमा निरन्तर सैन्य अपरेसन सञ्चालन गरिरहेको छ । सोमबार तरारले ४३५ अफगान सुरक्षाकर्मी मारिएको र ३१ स्थान नियन्त्रणमा लिइएको दाबी गरेका थिए । यसबीच, अफगान पक्षले पनि आफ्ना कारबाहीबाट पाकिस्तानी सेनालाई ठूलो क्षति पुर्‍याइएको दाबी गर्दै आएको छ । यद्यपि, स्वतन्त्ररूपमा यी दाबीहरूको पुष्टि हुन सकेको छैन ।

पाकिस्तानका राष्ट्रपति आसिफ अली जर्दारीले सोमबार अफगानिस्तानभित्र जारी सैन्य कारबाहीको बचाऊ गर्दै इस्लामाबादले कूटनीतिक प्रयासका सबै विकल्प प्रयोग गरिसकेपछि मात्र उग्रवादीविरुद्ध कदम चालिएको बताएका थिऐ । उनले काबुललाई पाकिस्तानमा आक्रमणका लागि जिम्मेवार समूहहरूलाई निशस्त्र बनाउन आग्रह गरे ।

पाकिस्तानले हालको अवस्थालाई अफगानिस्तानसँगको 'खुला युद्ध'का रूपमा वर्णन गरेको छ । सीमाक्षेत्र अल-कायदा र इस्लामिक स्टेट समूहजस्ता आतंकवादी संगठनहरूको गतिविधि बढेको क्षेत्र मानिँदै आएको छ । पछिल्ला महिनाहरूमा पाकिस्तानभित्र हिंसा बढेको र त्यसका लागि प्रतिबन्धित तेहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) जिम्मेवार रहेको इस्लामाबादको आरोप छ । पाकिस्तानले टिटिपीले अफगान भूमिबाट सञ्चालन गर्दै आएको र अफगान तालिबान सरकारले सुरक्षित आश्रय दिएको आरोप लगाउँदै आएको छ, जसलाई काबुलले अस्वीकार गर्दै आएको छ ।

हालको सीमापार द्वन्द्वले गत अक्टोबरमा कतार र टर्कीको मध्यस्थतामा भएको युद्धविरामलाई प्रभावहीन बनाएको छ । इस्तानबुलमा सम्पन्न वार्ता स्थायी सहमति बनाउन असफल भएपछि दुवै पक्षबीच तनाव पुनः चुलिएको हो । पाकिस्तानी अधिकारीहरूले अफगान तालिबान सरकारले टिटिपी र अन्य उग्रवादी समूहहरूविरुद्ध प्रमाणित र प्रभावकारी कदम नचालेसम्म सैन्य अपरेसन जारी रहने स्पष्ट पारेका छन् । *रासस/एपी*

## कतारले ग्यासको उत्पादन रोकेपछि ग्यासको मूल्यमा ४५ प्रतिशत वृद्धि

**लण्डन–** कतारको राज्यद्वारा सञ्चालित ऊर्जा कम्पनी कतार इनर्जीले आफ्ना दुई मुख्य ग्यास प्रशोधन केन्द्रहरूका सुविधाहरूमा इरानले आक्रमण गरेपछि तरलीकृत प्राकृतिक ग्यास उत्पादन रोक्दिएपछि युरोपेली ग्यासको मूल्यमा सोमबारदेखि वृद्धि भएको छ ।

युरोपेली क्षेत्रका लागि ग्यासको महत्त्वपूर्ण मानिने 'डच टिटिएफ प्राकृतिक ग्यास सम्झौता' अनुसार नै इरानी आक्रमणपछि ग्यासको मूल्यमा लगभग ४५ प्रतिशतले बढेर ४६ युरोभन्दा बढीमा पुग्गेको छ ।'

इरान युद्धका कारण खाडी क्षेत्रमा ग्यासको आपूर्ति कटौती हुने डरले ग्यासको मूल्य २० प्रतिशतभन्दा बढीले बढेको थियो । *रासस/एएफपी*

## खाडी मुलुकमा रहेका अमेरिकी दूतावासहरु बन्द

**वासिङ्टन–** बढ्दो तनावकाबीचमा संयुक्त राज्य अमेरिकाले मध्यपूर्व र खाडी मुलुकस्थित दूतावास तथा कूटनीतिक मिसनहरू बन्द गर्ने घोषणा गरेको छ । तनावग्रस्त देशमा रहेका कर्मचारी र नागरिकलाई देश छोड्न आदेश दिइएको छ ।

साउदी अरबको रियादमा रहेको अमेरिकी दूतावास मंगलबार बन्द गरी अर्को सूचना नआउञ्जेल सबै नियमित र आपत्कालीन कार्यहरू बन्द गरिएको छ । सामाजिक सञ्जाल एक्समा दूतावासले साउदी अरबमा रहेका अमेरिकी नागरिकहरूलाई दूतावासपरिसरबाट टाढा रहन आग्रह गरेको छ । यसअघि साउदी अरबका अधिकारीहरूले रियादमा रहेको दूतावासमा दुईवटा ड्रोन प्रहार गरेको पुष्टि गरेका थिए ।

कुवेतस्थित अमेरिकी दूतावासले सामाजिक सञ्जाल एक्समार्फत अर्को सूचना जारी नभएसम्म सम्पूर्ण सेवाहरू निलम्बन गरेको छ । अमेरिकी विदेश विभागले गैरआवश्यक कर्मचारी र परिवारका सदस्यहरूलाई बहराइन, जोर्डन र इराक छोड्न आदेश दिएको छ । विभागले सरकारी कर्मचारी र उनीहरूका परिवारहरूलाई स्वेच्छिक प्रस्थानको अनुमति दिन बहराइन, जोर्डन र इराकलाई अनुरोध गरेको छ ।

संयुक्त राज्य अमेरिकाले मध्यपूर्वमा तीव्ररूपमा द्वन्द्व बढिरहेका समयमा यस्तो घोषणा गरेको हो । गत शनिबार इरानमा संयुक्त अमेरिका र इजरायलले गरेको आक्रमणमा परी इरानका सर्वोच्च नेता तथा वरिष्ठ कमाण्डरहरूको मृत्यु भए पछि द्वन्द्व भड्किएको थियो । प्रतिक्रियामा, इरानले इजरायल र अन्य क्षेत्रीय लक्ष्यहरू विरुद्ध मिसाइल र ड्रोन आक्रमणहरू सुरु गरेको छ, जसले द्वन्द्वलाई अझै बढी सक्रिय बनाएको छ । *रासस/क्युएनए*

# फ्रान्सले युरोपलाई जोगाउन आणविक हतियार बढाउने

**इले लंगु, फ्रान्स–** राष्ट्रपति इम्यानुएल म्याक्रोँले सोमबार फ्रान्सले आफ्ना परमाणु हतियारहरूको संख्या बढाउने र महाद्वीपको रक्षाका लागि आठ देशहरूसँग सहकार्य गर्ने बताएका छन् ।

युक्रेनविरुद्ध रूसको युद्ध पाँचौं वर्षमा प्रवेश गरेको छ । नेटो सहयोगीहरू वासिङ्टनको डगमगाउने प्रतिबद्धताको बारेमा चिन्तित छन् । यसैबीच, आवश्यकताको सिद्धान्तमा जोड दिँदै फ्रान्सको इले लंगु आणविक पनडुब्बी शिविरबाट गरेको सम्बोधनमा म्याक्रोँले देशको परमाणु सिद्धान्तलाई अद्यावधिक गरे ।

मध्यपूर्वलाई अस्थिर बनाउने खतरा रहेको इरानविरुद्ध अमेरिका र इजरायलले आक्रमण गरेपछि उनले यस्तो बताएका हुन् । म्याक्रोँले भने, 'हामीले धेरै खतराहरूको सामना गर्दै हाम्रो आणविक प्रतिरोधलाई बलियो बनाउनुपर्छ र हामीले हाम्रो सार्वभौमिकताको पूर्ण सम्मानका साथ युरोपेली महाद्वीपभित्र हाम्रो प्रतिरोधक रणनीतिलाई विचार गर्नुपर्छ ।'

उनले घोषणा गरे, 'म उन्नत प्रतिरोधको क्रमिक कार्यान्वयन गर्छु । हाम्रो शस्त्रागारको स्तरोन्नति गरिनु आवश्यक छ । त्यसैले मैले हाम्रो शस्त्रागारमा परमाणु हतियारको संख्या बढाउन आदेश दिएको छु ।'

फ्रान्ससँग विश्वको चौथो ठूलो आणविक हतियार छ, जसमा लगभग २९० 'वारहेड' रहेको अनुमान गरिएको छ । फ्रान्सले प्रस्ताव गरेको 'अत्याधुनिक' आणविक प्रतिरोध योजनामा जर्मनी, बेलायत र पोल्याण्डसहित आठ युरोपेली देश सहभागी हुन सहमत भएको म्याक्रोँले बताए ।

'नेदरल्याण्ड्स, बेल्जियम, ग्रीस, स्वीडेन र डेनमार्क पनि समावेश भएका देशहरूले फ्रान्सेली 'रणनीतिक वायु सेना' को लागि सहयोग गर्न तयार हुने छन्, जसले 'हाम्रा प्रतिद्वन्द्वीहरूको गणनालाई जटिल बनाउन' र 'युरोपेली महाद्वीपमा विस्तार' सम्भव हुने छ,' उनले भने ।

म्याक्रोँले भने, 'यो योजनाले हाम्रो आणविक गतिविधिमा मित्र राष्ट्रहरूको परम्परागत सहभागितालाई पनि समावेश गर्न सक्छ, जस्तै हालैको सैन्य अभ्यासमा बेलायती सेना संलग्न थियो ।'

इले लंगु शिविरमा फ्रान्सका चार पनडुब्बी ब्यालेस्टिक मिसाइल 'ट्रिओम्फन्ट, ले टेमेरेरे, ले भिजिलान्ट र ले टेरिबल' छन् । आणविक प्रतिरोध सुनिश्चित गर्न कम्तीमा एउटा समुद्र बाहिर छ । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| ३२८६०० | ० | ५८१५ |



**पहेंलपुर तोरीबारी** | दाङको घोराही उपमहानगरपालिका-६ स्थित खेतमा पहेँलपुर तोरी । *तस्बिरः रञ्जिता अधिकारी/रासस*

## नेप्से परिसूचकमा ३८ अंकको उछाल

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३८ दशमलव ५२ अंकले बढेर दुई हजार ७१२ दशमलव ४९ को बिन्दुमा कायम भएको छ। नेप्से परिसूचक एक दशमलव ४४ प्रतिशतले बढेको हो। ३२९ कम्पनीको एक करोड ५१ लाख ८४ हजार ६०७ कित्ता शेयर ६१ हजार ३२९ पटक खरिदबिक्री हुँदा रु छ अर्ब २३ करोड ४३ लाख ८१ हजार ४८० बराबरको कारोबार भएको छ।

व्यापार समूह शून्य दशमलव ८४ प्रतिशतले घटेको छ भने अरू सबै समूहको उपसूचक बढेको छ। बैंकिङ एक दशमलव ६४, विकास बैंक एक दशमलव ५९, वित्त




एक दशमलव ४३, होटल तथा पर्यटन एक दशमलव ६०, जलविद्युत् दुई दशमलव १३ र लगानी समूह शून्य दशमलव ५२ प्रतिशतले बढेको छ।

त्यस्तै, उत्पादन तथा प्रशोधन एक दशमलव ४९, लघुवित्त एक दशमलव ६६, म्युचुअल फन्ड शून्य दशमलव ८२, निर्जीवन बीमा एक दशमलव ११ र अन्य समूह एक दशमलव ०३ प्रतिशतले बढेको छ।

सलपा विकास बैंक लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ। सबैभन्दा धेरै घट्नेमा भने शुभम् पावर लिमिटेडको शेयर मूल्य दुई दशमलव ३२ प्रतिशतले घटेको छ।

कारोबार रकम र शेयर संख्याका आधारमा सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको रु ३४ करोड ६५ लाख ३० हजार ३७९ बराबरको नौ लाख ३६ हजार ३४७ कित्ता किनबेच भएको नेप्सेले जनाएको छ।

## 'चुनावमा पनि इन्धन नियमित हुन्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको आयात नियमित रहेकाले अनावश्यक भण्डारण नगर्न आमसर्वसाधरणमा आग्रह गरेको छ।

निगमका कार्यकारी निर्देशक चण्डिकाप्रसाद भट्टले अनावश्यक भण्डारण गर्दा दुर्घटनाको जोखिमसमेत हुने भएकाले अनावश्यक भण्डारण नगर्न अनुरोध गर्दै इन्धन नियमित भइरहेको र चुनावभरि नियमित हुने जानकारी दिए।

उनले सोमबार एक सूचनामार्फत भनेका छन्, 'पेट्रोलियम पदार्थको आयात पाइप लाइनमार्फत नियमित रूपमा भइरहेको र आसन्न निर्वाचनको समयमा पनि पर्याप्त मात्रामा पेट्रोलियम पदार्थको आयात जारी रहनेछ।'

उनले पेट्रोलियम पदार्थको अनावश्यक रूपमा जेरी क्यान, ड्रममा स्टोर गर्दा हुनसक्ने सम्भावित आगजन्य दुर्घटनाको जोखिमलाई मध्यनजर गरी जेरी क्यान, ड्रममा पेट्रोलियम पदार्थ भर्न निषेध गरिएको पनि जानकारी गराएका छन्।

सम्भावित आगजनीजन्य दुर्घटनाको जोखिम न्यूनीकरण गर्न आवश्यक परिमाणमा मात्र पेट्रोलियम पदार्थ खरिद गरी सहयोग गर्न पनि नियमले सम्पूर्ण उपभोक्ता वर्गमा अनुरोध गरेको छ।

## वीरगञ्जबाट पाँच खर्ब १९ अर्बको आयात

**वीरगञ्ज (प्रस)–** वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु पाँच खर्ब १९ अर्ब एक करोड मूल्य बराबरका वस्तु तथा सामान आयात गरिएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आवमा रु ५७ अर्ब ३१ करोड अर्थात् १२ प्रतिशत बढी सामान आयात भएको हो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा आयातमा उल्लेखनीय वृद्धि भएको बताए। 'चालु आवमा पेट्रोलियम पदार्थ र फलाम तथा फलामबाट बनेका सामानहरूको आयातको हिस्सा बढी देखिन्छ,' उनले भने। गत आवको सात महिनामा रु चार खर्ब ६० अर्ब २३ करोड मूल्य बराबरका सामान आयात भएको थियो।

चालु आवको सात महिनामा रु एक खर्ब छ अर्ब ४३ करोड मूल्य पर्ने पेट्रोलियम पदार्थको आयात गरिएको छ। त्यसैगरी, रु ४६ अर्ब १६ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामानहरूको आयात गरिएको छ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ